# अध्याय एक

## शोध परिचय

### १.१ पृष्ठभूमि :

भाषा विचार विनिमयको सशक्त साधन हो । भाषा मानव मात्रको एक विशिष्ट सम्पदा हो । भाषाका माध्यमले सम्पूर्ण मानव सभ्यता, संस्कृति र अन्य मानवीय सम्पदाको पहिचान, संरक्षण, सम्बर्द्धन हुँदै आएको तथ्य विदितै छ । नेपाललाई बहुभाषिक राष्ट्रको रूपमा परिभाषित गरिएको भएतापनि नेपाली भाषा राष्ट्र भाषा, सम्पर्क भाषा, मानक भाषा तथा पठन-पाठनको लागि संवैधानिक मान्यता प्राप्त साझा भाषा हो । प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था भएतापनि नेपालमा हालसम्म मातृभाषामा शिक्षण गर्ने प्रचलन धेरै कम छ । २०५८ को राष्ट्रिय जनगणना अनुसार ४८.६१ प्रतिशत नेपालीहरूले मातृभाषाका रूपमा नेपाली भाषा बोल्दछन् । वर्तमान परिप्रेक्ष्यमा नेपालभित्र बोलिने सम्पूर्ण मातृभाषालाई राष्ट्रभाषाको मान्यता दिएर सरकारी काम-काजको माध्यम भाषाको रूपमा प्रयोग गर्नसकिने भएतापनि नेपाली भाषा नै सरकारी तथा कार्यालय काम-काजको भाषा बनेको छ । विद्यालयीय शिक्षामा नेपाली शिक्षालाई अनिवार्य र ऐच्छिक विषयका रूपमा शिक्षण गरिनुले पनि नेपाली भाषाको गरिमामय स्थान स्पष्ट हुन्छ । हाल अन्य भाषालाई पनि नेपाली भाषाकै मान्यता दिने तथा विकास गर्ने सोच भएतापनि नेपाली भाषाको गरिमा र आवश्यकता भविष्यमा पनि उत्तिकै उच्च रहने कुरामा शङ्का गर्नुपर्ने अवस्था देखिँदैन ।

हाम्रो देश नेपालमा सामुदायिक र संस्थागत दुई खालका विद्यालयहरू छन् । सामुदायिक विद्यालय पूर्णरूपले सरकारी तथा समुदायको लगानीमा सञ्चालित छन् भने संस्थागत विद्यालयहरू निजी लगानीमा सञ्चालित विद्यालयहरू हुन् । यी

विद्यालयहरूमा पठन-पाठन गराउनको निमित्त पाठ्यक्रम विकास केन्द्रबाट निर्माण गरिएको पाठ्यक्रमअनुसारका पाठ्यपुस्तकहरू प्रयोग गरिन्छन् । सरकारी सामुदायिक विद्यालयहरूमा नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुरद्वारा प्रकाशित पाठ्यपुस्तकहरू शिक्षण गरिन्छन् ।

निजी संस्थागत विद्यालयहरूमध्ये केहीमा सरकारी पाठ्यपुस्तक प्रयोग गरिए पनि बहुसङ्ख्यक विद्यालयहरूमा विभिन्न निजी प्रकाशनबाट उत्पादित पाठ्यसामग्रीहरू शिक्षण गरिन्छन् । भाषा शिक्षणमा सैद्धान्तिक पक्षभन्दा प्रायोगिक पक्षलाई जोड दिइन्छ । विद्यालय तहको भाषिक शिक्षणमा भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सीपको शिक्षण गरिन्छ । यिनै भाषिक सीपको विकास गर्नको लागि विद्यालयमा प्रयोग गरिने पाठ्यपुस्तकहरूमा विभिन्न विधा तथा उपविधाहरू समाविष्ट हुन्छन् ।

प्रस्तुत अध्ययन प्राथमिक तह अन्तर्गत कक्षा पाँच को एउटै समयको फरक-फरक पाठ्यपुस्तकभित्र समाविष्ट कथा विधाको शिक्षणीय दृष्टिकोणबाट तुलनात्मक अध्ययन गरिएको छ । प्राथमिक तह कक्षा पाँच को **मेरो नेपाली किताब** उषा दीक्षितद्वारा लिखित, दिवाकर ढुङ्गेलद्वारा सम्पादित, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरद्वारा प्रकाशित, २०६५ सालमा परिमार्जित भएको र ईन्द्रवहादुर देवकोटाद्वारा लिखित र खेमलाल पोखेलद्वारा सम्पादित सत्याल पब्लिकेशन प्रा.लि.डिल्लीबजार काठमाण्डौद्वारा प्रकाशित तथा २०६५ सालमा संशोधित **नेपाली साहित्य वाटिका** भाग पाँच किताबभित्रका कथा विधाभित्र समाविष्ट पाठहरूको शिक्षणीय दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यस अध्ययनमा माथि उल्लेखित किताबका कथाहरू विद्यार्थीको उमेर क्षमताअनुसार उपयुक्तता भाषिक सीपको स्तरीयता

तथा दुवै किताबमा समाविष्ट किताबका सबल र दुर्बल पक्षहरूको विश्लेषण गर्न र उपयुक्त सुझाव दिनु यस शोधको मुख्य अभिप्राय रहेको छ ।

## १.२ शोध शीर्षक

यस शोधपत्रको शीर्षक शिक्षणीय दृष्टिकोणले कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** भाग पाँच मा समाविष्ट कथा विधाको तुलनात्मक अध्ययन रहेको छ ।

## १.३ शोध प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग स्नातकोत्तर तह (एम्. एड.) द्वितीय वर्ष आठौं पत्र ने.पा.शि. ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि तयार गरिएको छ ।

## १.४ समस्या कथन :

यस शोधपत्रमा देहायका उल्लेखित बुँदाहरूलाई समस्याका रूपमा लिइएको छ :

क) **मेरो नेपाली किताब कक्षा पाँच र नेपाली साहित्य वाटिका भाग पाँच** मा समाविष्ट कथाहरू शिक्षणीय दृष्टिकोणले उपयुक्त छन् ?

ख) उक्त दुई पुस्तकमा समाविष्ट कथाहरू स्तर अनुकूल छन् ?

ग) भाषिक सीप आर्जन (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) का दृष्टिले ती कथाहरु के-कस्ता छन् ?

## **१.५** शोधको उद्देश्य :

प्रस्तुत शोध निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क)	शिक्षणीय दृष्टिकोणले कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका भाग ५** मा समाविष्ट कथा विधाको उपयुक्तताको विश्लेषण गर्नु ।

ख)	उक्त दुई पुस्तकमा समाविष्ट कथाहरूको स्तर अनुकूलता ठम्याउनु ।

ग)	भाषिक सीप आर्जनका दृष्टिले पाठ्यपुस्तकको मूल्याङ्कन गर्नु ।

घ)	**मेरो नेपाली किताब कक्षा पाँच** र **नेपाली साहित्य वाटिका भाग पाँच** भित्र समाविष्ट कथा विधाका पाठहरूको तुलनात्मक विश्लेषण गरी सबल र दुर्बल पक्ष पत्ता लगाउँदै सुधारका लागि उपयुक्त सुझाव दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा :

साहित्यका विविध विधा मध्येको एक विधा हो कथा । यो ज्यादै लोकप्रिय र प्रचलित विधा हो । कथामा समाजका विविध पक्षको चित्रण हुने भएकाले यसलाई मनोरञ्जन उपदेश तथा अन्य प्रयोजनका लागि प्रयोग गरिएको पाइन्छ । कथा विधाका बारेमा बिभिन्न लेखक, रचनाकार तथा समीक्षकहरूले चर्चा परिचर्चा तथा अध्ययन विश्लेषण गरेको पाइन्छ ।

शोधार्थी गोविन्दप्रसाद अधिकारीले कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन गरेका छन् । उक्त शोध ग्रन्थमा कक्षा ६ को **हाम्रो नेपाली पाठ्यपुस्तक**मा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन गरेका छन् । उक्त शोध ग्रन्थ कक्षा ६ को **हाम्रो नेपाली पाठ्यपुस्तक**मा प्रयुक्त कथाका पाठहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन गर्ने, सम्बन्धित पाठहरूको विश्लेषण गर्ने र पाठको अन्त्यमा दिइएका अभ्यासहरूको

विश्लेषण गर्ने जस्ता उद्देश्य राखेर २०५५ सालमा अध्ययन गरेको देखिन्छ उक्त उद्देश्य पूरा गर्न अध्ययनका सीमाहरूमा कथा विश्लेषणका सैद्धान्तिक आधारहरू पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूका प्रकृति र संरचनाको विश्लेषण कथाहरूमा प्रयुक्त भाषिक पक्षको विश्लेषण, छनोट र स्तरणका आधारमा कथाहरूको विश्लेषण, कथामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण भनी सीमित गरिएको छ । पुस्तकालयीय विधिमा आधारित प्रस्तुत शोधकार्यमा पाठ्यक्रममा वर्गीकरण गरिएअनुसार पाठको चयन नभएको , संरचनात्मक दृष्टिले केही कथाहरू कमजोर रहेका, वाक्य संख्या र लम्बाइका दृष्टिले केही कथा जटिल देखिएका र उपयुक्त किसिमका कथाहरूको छनोट हुन नसकेका जस्ता निष्कर्षहरू निकालिएको पाइन्छ । त्यस्तै सुझावहरूमा पाठ्यपुस्तकका आधारमा समयको मिलान गर्नुपर्ने, कथामा संरचना पक्षलाई ख्याल गर्नुपर्ने, पाठ्यक्रममा वर्गीकरण गरिएअनुसार पाठको चयन हुनुपर्ने, व्याकरणलाई भाषिक सीपसँगै सम्बद्ध गराउनु पर्ने पाठ्यवस्तुको छनोट र स्तरणमा विद्यार्थीको रुची इच्छा र आवश्यकतालाई ख्याल गर्नुपर्ने जस्ता सुझावहरू दिइएको पाइन्छ ।

शोधार्थी टीकादत्त पोखरेलले माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन नामक शोधपत्रमा पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको पाठ्यक्रमअनुरूपता पहिल्याउनु, निर्धारित कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नु, मूल पाठको प्रयोजनअनुसार अभ्यासको विश्लेषण गर्नु छनोट र स्तरणका आधारमा कथाको समीक्षा गर्नु र माध्यमिक तहका लागि उपयुक्त हुने कथाहरू समावेश गर्न सुझाव दिनु जस्ता उद्देश्यहरू राखेर २०५५ सालमा अध्ययन गरेको देखिन्छ । उक्त उद्देश्य पूरा गर्न अध्ययनका सीमाहरूमा कथाको संरचना, वाक्य गठन, व्याकरण, पाठको प्रयोजनअनुसार अभ्यासको विश्लेषण, भाषा शिक्षणको दृष्टिले कथाको प्रयोजनका साथै छनोट र स्तरणका आधारमा कथाको समीक्षा भनी सीमित गरिएको छ । निष्कर्षलाई हेर्दा

पाठ्यक्रमअनुसार विषयवस्तु चयन नभएको कथा संख्याका आधारमा समय विभाजन नमिलेको, कतिपय कथा अत्यधिक लामा र कतिपय धेरै छोटा भएका, संरचना पक्षलाई जोड दिएको, कथामा अधिकांश शब्दहरू धेरै ठाउँ दोहोरिएको, कतिपय शब्दहरूको समानार्थी शब्द नदेखिएकाले स्तर सुहाउँदो नभएको निम्नस्तरका बहुवैकल्पिक प्रश्नहरू समावेश गरिएको अभ्यासका लागि दिइएका प्रश्नहरूले विषयवस्तुलाई समेट्न नसकेको, प्रयोग र श्रृजनात्मक पक्षलाई जोड नदिएको जस्ता निष्कर्षहरू निकालिएको पाइन्छ । त्यस्तै सुझावहरूमा पाठ्यपुस्तकका आधारमा समयको मिलान गर्नुपर्ने, कथामा संरचनात्मक पक्षलाई ख्याल गर्नुपर्ने शब्दार्थ पाठको सुरुमै राख्नुपर्ने, छोटो उत्तरात्मक प्रश्न हटाएर तार्किक, सृजनात्मक र विकल्परहित प्रश्नहरू राख्नुपर्ने, व्याकरणलाई भाषिक सीपसँगै सम्बद्ध गराउनु पर्ने, पाठ्यवस्तुको छनोट र स्तरण विद्यार्थीको इच्छा र आवश्यकतालाई ख्याल गरी गर्नु पर्ने कथाको आकार र प्रकार विद्यार्थीको स्तरअनुसार हुनुपर्ने, कथामा प्रशस्त रंगीन चित्रहरू राखिनुपर्ने जस्ता सुझावहरू दिइएको पाईन्छ ।

आनन्दा खत्री (२०६१) ले कक्षा ८ को **हाम्रो नेपाली किताब**मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन गरेकी छन् । निम्न माध्यमिक तह कक्षा ८ को नेपाली समाविष्ट कथाहरूको पाठ्यक्रम उद्देश्य अनुरूपताको पहिचान गर्ने उक्त पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विभिन्न आधारमा विश्लेषण गर्ने, र उक्त पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरूमा दिइएका नमुना अभ्यासहरूको विधाअनुरूपताको पहिचान गर्ने जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । उपयुक्त शोधार्थीबाट राखिएको अध्ययनले पाठ्यक्रम मुताविक पाठ्यपुस्तकमा कथाहरूको चयन नभएको, संरचनात्मक कमजोरी रहेको, कथाको छनोटमा सावधानी नअपनाइएको ठहर गर्दै पाठ्यक्रमको उद्देश्य पूरा गर्ने

कथाहरूको छनोट हुनुपर्ने, कथामा संरचना पक्षलाई ख्याल गर्नुपर्ने, छनोट र स्तरणमा ध्यान दिनुपर्ने जस्ता सुझावहरू दिइएको छ ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माद्वारा लिखित **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा कथा शिक्षणको औचित्य, भाषा तत्वको विकासमा कथाको उपयोगिताबारे चर्चा गरिएको छ । त्यसमा विद्यालय तहमा राखिएका लोक कथा, आधुनिक कथा जस्ता कथाहरू पढेर, सुनेर, तिनका खास पात्र वा घटनाहरू परिवर्तन गरी त्यस्तै किसिमको ढाँचामा अर्को कथा बनाई वा त्यही कथा अर्कै प्रसङ्गमा लिखित रूपले प्रस्तुत गरेर विद्यार्थीलाई प्रोत्साहन गरी सृजनात्मकतामा प्रेरित गर्न सकिन्छ भन्ने निष्कर्ष पाइन्छ ।

उपयुक्त विभिन्न अध्ययनको समीक्षाबाट के देखिन्छ भने नेपालमा कथासम्बन्धी तुलनात्मक अध्ययन र विश्लेषण भए पनि ज्यादै नगण्य रूपमा गएका छन् । यसैगरी पाठ्यक्रममा उद्देश्यअनुरूप पाठ्यपुस्तकमा राखिने कथाहरू खास अध्ययन अनुसन्धानमा आधारित नभएर लेखकका आ-आफ्ना आग्रहअनुसार मात्र प्रस्तुत गर्ने गरिएको देखिन्छ । थोरै मात्रामा यस अध्ययनले अनुसन्धान क्षेत्रलाई मद्दत पुऱ्याउँछ भन्ने आशा राख्न सकिन्छ ।

## १.७ अध्ययनको औचित्य :

कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूले नेपाली भाषा शिक्षणको उद्देश्य पूरा गर्न सकेनसकेको यस शोधपत्रमा अध्ययन गरिएको छ । त्यस्तै कथाहरू स्तर अनुरूप भए नभएको, भाषिक सीपको विकास गर्न सक्षम भए नभएको, दुवै पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा भएका समानता तथा भिन्नता देखाउने, दुवै पाठ्यपुस्तकमा भएका कमी कमजोरी औल्याउँनु , दुवै

पाठ्यपुस्तकका कथामा भएका उपयुक्तता देखाउँनु , दुवै पाठ्यपुस्तकका कथामा के कति सुधारको खाँचो छ , सो औल्याउँने काम यस शोधपत्रमा गरिएको छ ।

यस भन्दा पूर्व कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको अध्ययन र अनुसन्धान कसैबाट पनि नभएको हुँदा यस अध्ययनको आफ्नै महत्व रहेको छ । यस अध्ययनले भावी भाषा पाठ्यपुस्तक निर्माता वा सम्बन्धित निकायलाई पाठ्यपुस्तकमा विभिन्न साहित्यिक विधाहरू समावेश गरी पाठ्यक्रमका मर्म र आवश्यकता अनुरूप सीप विकास गर्ने ध्येयका परिप्रेक्ष्यमा कुन तह र कुन कक्षाका लागि के कस्ता कथाहरूको समावेश गर्नु उपयुक्त हुन्छ भन्ने बारेमा आवश्यक सुझाव प्राप्त हुन सक्नेछ भन्ने विश्वास गरिएको छ । त्यसैबमोजिम भाषा पाठ्यपुस्तक निमार्ण र शिक्षणलाई गति प्रदान गर्न यस अध्ययनका निष्कर्षहरूले आवश्यक खुराक प्रदान गर्न सक्नेछन् भन्ने विश्वास अध्येताको रहेको छ । यिनै र यस्तै परिप्रेक्ष्य वा सन्दर्भमा यस अध्ययनको औचित्य प्रमाणित गर्न सकिन्छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा :

यस शोधपत्रको सीमाङ्कन निम्नानुसार गरिएको छ ।

क) यो अध्ययन कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका भाग पाँच**मा मात्र सीमित रहेको छ ।

ख) यो अध्ययन प्रस्तुत पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधामा मात्र सीमित रहेको छ ।

ग) कथाको संरचना, शब्दभण्डार, वाक्यगठन र पाठको अन्त्यमा दिइएका नमुना अभ्यासहरूको तुलनात्मक विश्लेषणका आधारमा कथाको समीक्षा गरिएको छ ।

## १.९ शोध प्रतिवेदनको रूपरेखा :

यो शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ ।

क) अध्याय एक : शोधको परिचय

ख) अध्याय दुई : कथा विधाको सैद्धान्तिक परिचय

ग) अध्याय तीन : कक्षा पाँचको **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** भाग पाँच पाठ्यपुस्तकका कथा विधाका पाठ्यसामाग्रीको अध्ययन र विश्लेषण

घ) अध्याय चार : निष्कर्ष र सुझाव

## १.१० शोध विधि :

- पुस्तकालय विधि
- तुलनात्मक विधि

# अध्याय दुई

## कथाको सैद्धान्तिक परिचय

### २.१. कथाको परिचय

कथा संस्कृत भाषाको स्रोतबाट नेपाली भाषामा आई चलेको तत्सम् वर्गको शब्द हो । संस्कृत भाषाको नियम अनुसार 'कथ्' धातुमा अ (अच्) प्रत्यय लागेर कथ बन्दछ भने उक्त शब्दमा आ (टाप) प्रत्यय लागेपछि कथा शब्द बन्दछ । यसरी कथ् + अ + आ का प्रक्रियाबाट कथा शब्द निष्पन्न भएको हो र यसको शाब्दिक अर्थ कुनै कुराको कथन वा कुनै कुरा भन्ने काम हो । कथा शब्दको यस शाब्दिक अर्थ कुनै कुराको कथन वा कुनै कुरा भन्ने काम हो । कथा शब्दको यस शाब्दिक अर्थका कोणबाट हेर्दा कथाको मूल रूप कथ्य रूप हो भन्ने स्पष्ट हुन्छ । भाषा लेख्य रूपमा आउनु भन्दा अगाडि नै मानव समाजमा कथ्य रूपमा कथा भन्ने, सुन्ने परम्परा बसिसकेको हुनुपर्छ भन्ने तर्फ पनि यस शब्दको उक्त शाब्दिक अर्थले सङ्केत गर्दछ । तर अहिले एक साहित्यिक आख्यानात्मक उपविधाका रूपमा प्रसिद्ध रहेको कथाले कथ्य-श्रव्य कथा वा लोककथालाई नबुझाई लेख्य-पाठ्य साहित्यिक कथालाई बुझाउँछ । कथाको इतिवृत्तान्त खोज्दै जाँदा धेरै पर सम्म पुग्न सकिन्छ र मानव समाजमा भाषाको आविष्कार भएपछिको प्राचीनतम् प्रारम्भिक युग सम्मै पुग्न सकिन्छ तर अहिले हामी जेलाई कथा भन्छौँ त्यो कथा अङ्ग्रेजी भाषाको **सर्टस्टोरी** शब्दले बुझाउने कथा हो । यसलाई लघु कथा पनि भन्ने गरिन्छ । यस लघु कथा वा कथाका प्रवर्तक अमेरिकी कथाकार **एडगर एलेन पो** र रूसी कथाकार **एन. भी. गोगोल** हुन् ।

कथाको परिभाषाका सम्बन्धमा विभिन्न विद्वानहरूले आ-आफ्ना किसिमका मतहरू प्रकट गरेका छन् । एडगर एलेन पो ले एकै बसाइमा पढिसकिने एकै

प्रभावको सिर्जना गर्ने र अनावश्यक तत्वहरुको परित्याग गरिएको कौतुहलपूर्ण रचनालाई कथा मानेका छन् । त्यसै गरी एच.जी. वेल्सले पन्ध्रदेखि पचास मिनेटसम्ममा पढिसकिने कलात्मक आख्यानलाई कथा भनेका छन् । त्यस्तै नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले कथालाई सानो संसार चिहाउने आँखीझ्यालका रुपमा चिनाएका छन् भने ईश्वर बरालले कलात्मक इतिबृत्त र अनन्त आभास दिएर पाठकमा चाख जगाई राख्ने घटनाको वर्णन गर्ने कृति कथा हो भनेका छन् ।

## २.२ कथाका तत्वहरू :

कथा बन्नका लागि आवश्यक पर्ने विभिन्न अवयवहरूलाई तत्व भन्ने गरिन्छ । कथा पनि विभिन्न घटक वा अवयवद्वारा संरचित यौगिक रचना हो । कथाका प्रत्येक तत्वका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुनाले तिनीहरूलाई टुक्र्याएर अध्ययन गर्नु सान्दर्भिक ठहरिन्न तथापि विभिन्न दृष्टिकोणले मूल्याङ्कन गर्ने क्रममा साहित्यशास्त्रीहरूले कथाका तत्वहरूलाई यसरी निर्धारण गरेको पाइन्छ ।

क) कथावस्तु

ख) पात्र वा चरित्र चित्रण

ग) देश काल परिस्थिति

घ) उद्देश्य

ङ) भाषा शैली

च) दृष्टिबिन्दु

छ) संवाद वा कथोपकथन

क)	कथावस्तु

कथावस्तु कथाको एक अनिवार्य तथा महत्वपूर्ण घटक वा तत्व हो । कथामा सबैभन्दा स्थूल र सबल तत्वका रूपमा कथावस्तुको उपस्थिति रहेको पाइन्छ । कथाकारको धारणा तथा मूल मर्मको मूर्त अभिव्यक्तिको रूपमा समेत देखा पर्ने कथावस्तुले कथाका अन्य तत्वहरूलाई गहिरो रूपमा आकर्षण गरेको हुन्छ । कथाको मूल मर्मलाई सटिक रूपमा प्रस्तुत गर्ने कथावस्तु कथाको प्राण तत्व हो । कथावस्तुको अभावमा कथा निर्जीव बन्ने हुनाले यसको महत्व कथामा अतुलनीय भएको स्पष्ट हुन्छ । कथावस्तुमा उपयोग हुने घटनावलीहरूको कालक्रमिक श्रृङ्खलाहरूको ढाँचा तथा आदि, मध्य र अन्त्य भागको क्रमबद्ध प्रस्तुतिलाई कथानक भन्ने गरिन्छ ।

ख)	पात्र र चरित्र चित्रण

कथामा देखिने मानवीय वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथालाई गतिशीलता लिन तथा कथानकका उपकरणका रूपमा रहेका द्वन्द्व, क्रियाव्यापार कुतुहलता आदिलाई चलायमान गराउने प्रमूख अङ्ग पात्र नै हो । पात्र बिनाको कथाको कल्पना नै गर्न सकिन्न । आधुनिक कथामा कथावस्तुको भन्दा चरित्रको महत्ता सर्वोपरी रहेको पाइन्छ । कथाको उद्देश्य वा जीवन दर्शनलाई दरिलो गरि काँधमा बहन गर्दै समाजका सभ्यता असभ्यताको विविध पाटाहरूमा विचरण गर्दै व्यक्ति तथा समूहका जीवनप्रसङ्गलाई सजीव रूपमा उद्घाटन एवम् चित्रण गर्ने क्रममा पात्रको भूमिका सबल रहेको पाइन्छ । पात्रहरूलाई स्वभाव, लिङ्ग, कार्य, प्रवृत्ति, सामाजिक सम्बन्ध, आसन्नता तथा आबद्धता आदिका आधारमा विभिन्न तहमा वर्गीकरण गर्न सकिन्छ ।

ग)	देश, काल, परिस्थिति

कुनै पनि कथाका कथाबस्तुका घटना र पात्रहरू कुनै निश्चित ठाउँका र कुनै खास समाजका हुन्छन्  र तिनका चरित्रले त्यस ठाउँका, समाजका निश्चित युगको वातावरणलाई व्यञ्जित गरेको हुन्छ । त्यो देश, काल, वातावरणमा आधारित परिवेश चित्रण, बाह्य, सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक आदि किसिमका पनि हुन सक्दछन् भने त्यो पात्रको मनोविज्ञान, मानसिक द्वन्द्व, बौद्धिक उहापोह आदि कुरासँग पनि सम्बन्धित हुन सक्छ । यसर्थ कथाको परिवेश चित्रण भनेको कथामा गरिने कुनै पनि खास युगका, खास ठाउँका, समाजका वातावरणमा देखा पर्ने उपस्थिति, सङ्घर्षशीलता, द्वन्द्वशीलता, परिवर्तनशीलता, यथास्थिति जस्ता बाह्य परिवेशको चित्रण पनि हो भने मानव समाज र मानव मनको द्वन्द्वशील शाश्वत परिवेशको चित्रण पनि  हो ।

घ)	उद्देश्य

कथाले स्थापना गर्न चाहेको निष्कर्षलाई नै कसै-कसैले कथाका तत्वअन्तर्गत स्वीकारेका छैनन् तर कथाले कुनै अभीष्ट लक्ष्य प्रस्तुत गर्ने हुनाले यसलाई तत्व मान्नु अनुपयुक्त रहँदैन । मनोरञ्जन प्रदान गर्नु र जीवनको कुनै खास पक्षको उद्घाटन गर्नु नै कथाको उद्देश्य हुन्छ ।

ङ)	भाषाशैली

भाषाशैली सम्पूर्ण साहित्यिक विधाहरूको आधारभूत तत्व हो । भाषाशैली भनेको भाषाको चयनयुक्त प्रयोग हो । साहित्यमा वा साहित्यिक कृतिस्वरूप कथामा चित्रण गर्नुपर्ने कुरालाई भाषाका जुन शब्द शब्दावली वाक्यढाँचाले सुन्दर एवम् प्रभावकारी किसिमले प्रयोग गर्दछन्, तिनै त्यस्तै रूपमा शब्द, शब्दावली एवम्  वाक्यढाँचाको  समष्टि प्रयोगलाई भाषाशैली

भनिन्छ । ती कुनै पनि भाषामा प्रयोग गरिएका शब्द, शब्दावली वा वाक्यढाँचा सो भाषाको वक्ता एवम् लेखकहरूका बीच प्रचलित किसिमकै देखापर्दछन् भने त्यो भाषाशैली सरल सुबोध्य हुन्छ, तर ती शब्द, शब्दावली वा वाक्यढाँचा अप्रचलित हुन्छन् भने त्यो भाषाशैली जटिल र दुर्बोध्य हुन्छ । साहित्य भनेको भाषाको सौन्दर्यपूर्ण प्रयोग हो, हुनु वाञ्छनीय छ र त्यो प्रयोगले नै सो कार्यको भाषाशैली रोचक, आकर्षक एवम् प्रभावकारी हुन्छ ।

च) दृष्टिविन्दु

कथामा दृष्टिविन्दुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कथावस्तुलाई हृदयसंवेद्य बनाउने कार्यमा दृष्टिविन्दुको गहकिलो भूमिका रहेको हुन्छ । कुनै पनि लेखकले कल्पित घटनालाई प्रस्तुत गर्ने क्रममा पात्रलाई कुन स्थानमा राखेर कथालाई मूर्तता प्रदान गरेको छ भन्ने कुराको स्पष्ट अभिव्यक्ति दृष्टिविन्दुबाट प्राप्त गर्न सकिन्छ । पात्रको क्रियाकलाप तथा मानसिक-बौद्धिक उचाइका माध्यमद्वारा कथाकारको मुटु छाम्ने कार्य पनि दृष्टिविन्दुबाटै गरिन्छ । दृष्टिविन्दुलाई आन्तरिक र बाह्य गरी २ प्रकारमा विभाजन गर्न सकिन्छ । आन्तरिक दृष्टिविन्दुलाई केन्द्रीय र परिधीय गरी वर्गीकरण गर्न सकिन्छ भने बाह्य दृष्टिविन्दुलाई सर्वदर्शी, सीमित र वस्तुपरक गरी ३ प्रकारमा विभाजन गर्न सकिन्छ ।

छ) संवाद वा कथोपकथन

कथोपकथन कथाको अर्को महत्वपूर्ण तत्व हो । पात्रले जे बोल्छ, त्यही संवाद हो । संवादको योजना गर्दा पात्रको पृष्ठभूमि, रहन-सहन, सामाजि स्थिति, रीतिरिवाज, चालचलन, शिक्षा-दीक्षा आदि पक्षमा ख्याल

राख्नु पर्छ । लामो संवादले कथामा गतिरोध उत्पन्न गर्दछ । कथोपकथनलाई कथानुकूल बनाउन निम्न कुरामा ध्यान दिन सकिन्छ ।

- संवादका प्रत्येक शब्दहरू पात्रानुकूल, मर्मस्पर्शी हुनुपर्दछ ।
- पात्रको शैक्षिक, सामाजिक, मानसिक स्तरअनुरूप कुराकानी गराउनु पर्दछ ।
- संवाद रोचक तथा स्वभाविक खालको हुनुपर्दछ ।

## २.३ कथाको वर्गीकरण

समयको प्रवाहसँगै अविश्रान्त पाइला चाल्ने कथाले आजको समयावधिमा आइपुग्दा आफ्नो स्वरूपलाई युग सुहाउँदो पारामा अभिव्यक्ति गरेको छ । त्यसैले हिजोको कथा सम्बन्धी मान्यता र धारणाले आजको सन्दर्भलाई नसमेट्ने प्रष्टै छ । नाटक र महाकाव्य जस्तो शास्त्रीय विधा नभएकोले कथाको उडान स्वच्छन्दउन्मुख रहेको हुन्छ । यसै सन्दर्भमा कथाको वर्गीकरण तथा प्रकारलाई कुनै निश्चित आधारमा स्पष्ट देखाउन सक्ने स्थिति वर्तमान युगमा नभएतापनि मोटामोटी रूपमा आधुनिक समीक्षाशास्त्रअनुसार कथालाई निम्न उपभेदमा देखाउने जमर्को गरिएको छ ।

अ) संगठनको आधारमा

जटिल कथा    अजटिल कथा

आ) विषयको आधारमा

ऐतिहासिक    सामाजिक    मनोबैज्ञानिक    सांस्कृतिक    लोककथात्मक

समस्याप्रधान    आदर्शबादी    भावप्रधान    नीतिबादी

इ) उपकरणका आधारमा

घटनाप्रधान    वातावरणप्रधान    अञ्चलप्रधान    स्थानीय

ई) प्रभावको आधारमा

त्रासद    कामद

उ)　　　धाराका आधारमा

यथार्थवादी　प्रगतिवादी　मनोवैज्ञानिक　अस्तित्ववादी　प्रकृतिवादी　विसङ्गतिवादी

ऊ)　　　प्रकारका आधारमा

शुद्ध कथा　निबन्धात्मक　काव्यात्मक　नाटकीय

ए)　　　दृष्टिबिन्दुका आधारमा

प्रथम पुरुषात्मक　द्वितीय पुरुषात्मक

ऐ)　　　आकारका आधारमा

लामा कथा　छोटा कथा

ओ)　　　प्रयोगका आधारमा

प्रयोगात्मक　अप्रयोगात्मक

औ)　　　　　　　　स्रोतका आधारमा

ऐतिहासिक　　पौराणिक　　यथार्थवादी　　भावनात्मक　　स्वैरकाल्पनिक

## २.४　कथाको अन्य विधासँग तुलना :

कथाको परम्परा मानवीय सभ्यतासँगै प्रारम्भ भएतापनि यसले सैद्धान्तिक मान्यता भने १९ औं शताब्दीपछि मात्र प्राप्त गरेको हो । अन्य विधाको तुलनामा कान्छो विधाको रूपमा देखा परेको कथाले साहित्यका उपन्यास, निबन्ध, नाटक, कविता जस्ता विधाहरूबाट प्रशस्त प्रभाव र प्रेरणा ग्रहण गर्दै मौलिक पहिचान कायम गरेको हो । त्यसैले साहित्यका विभिन्न विधासँग यसको सम्बन्ध कुनै न कुनै रूपमा रहेको पाइन्छ । कथाको अन्य विधासँगको सम्बन्धलाई यसरी चर्चा गर्न सकिन्छ ।

### २.४. क)　उपन्यास र कथा

कथा र उपन्यास दुवै आख्यानअन्तर्गत पर्दछन् दुवै साहित्यका गद्यरूप हुन् । यी दुईमा प्रशस्त समानता भएतापनि कथाको संरचना लघु हुन्छ, उपन्यासको वृहत हुन्छ । आकारगत भिन्नताले गर्दा कथामा जीवनको सानो आयाम मात्र अटाएको हुन्छ तर उपन्यासमा जीवनको विस्तृत खण्ड समावेश हुन्छ । कथामा थोरै पात्रहरूको अंश मात्र चित्रण हुन्छ भने उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको हुन्छ । कथामा सामान्यतया एउटै मात्र कथानक अटाउँछ भने उपन्यासमा दुई वा सोभन्दा बढी कथानकको संभावना रहन्छ । कथा एक बसाइमा पढी सकिन्छ भने उपन्यास पढ्न लामो समय लाग्छ । उपन्यास विशालतामा पूर्ण

हुन्छ भने कथा अल्पमै पूर्ण हुन्छ । त्यसैले उपन्यासलाई छोटो पार्दैमा कथा हुँदैन र कथालाई लम्ब्याउँदैमा उपन्यास हुँदैन ।

### २.४. ख) कथा र नाटक :

नाटक दृश्य विधा हो भने कथा श्रव्य-पाठ्य विधा हो । नाटकमा अङ्क र दृश्यको संयोजन अनिवार्य मानिन्छ भने कथाको वर्णनमा स्वतन्त्रता रहेको हुन्छ । कथामा संवाद ऐच्छिक हुन्छ भने नाटकमा अनिवार्य मानिन्छ । नाटकको आकार लामो मानिन्छ भने कथाको आकार छोटो हुन्छ । नाटकको वस्तुत्व अनुकरण हो भने कथाको वस्तुत्व कथोकथन हो । नाटकमा संवादात्मक शैली हुन्छ भने कथामा वर्णनात्मक, विवरणात्मक, व्याख्यात्मक शैली हुन्छ । नाटकले मानव जीवनको सिंगो पक्षको उजागर गर्छ भने कथाले मानव जीवनको एउटा पक्षको चित्रण गर्छ ।

### २.४. ग) कथा र निबन्ध

कतिपय कथामा संरचनात्मक कसिलो प्रस्तुतिका साथै वैचारिकता रहने हुनाले निबन्धको झल्को पनि प्राप्त गर्न सकिन्छ । निबन्धको जस्तै लघु आकार कथामा पनि रहेको हुन्छ भने कथामा जस्तै अप्रत्यक्ष प्रस्तुति निबन्धमा रहेको पाइन्छ । दुवै श्रव्य र पाठ्य विधा हुन् । कथाको शैली वर्णानात्मक, विवरणात्मक, व्याख्यात्मक रहेको हुन्छ भने निबन्धको शैली विश्लेषणात्मक हुन्छ । कथाको दृष्टिविन्दु प्रथम पुरुष र द्वितीय पुरुष रहेको हुन्छ, कथावस्तु घटना र प्रसङ्गसँग सम्बन्धित हुन्छ भने निबन्ध दृष्टिकोणसँग सम्बन्धित हुन्छ ।

### २.४. घ) कथा र कविता

कविता पद्यप्रधान भए पनि यसमा आख्यानको पनि आवश्यकता पर्दछ कविताको मझौला र वृहत रूपमा पात्ररूप, विन्यास, दृष्टिबिन्दुजस्ता तत्वहरू

समाहित हुन्छन् जुन कथाका लागि आवश्यकता पर्दछ । तथापि कथा र कवितामा प्रशस्तै भिन्नता रहेका छन् । कथा गद्यप्रधान हुन्छन् भने कविता पद्यप्रधान विधा हो । कविताको शैली वर्णनात्मक, विवरणात्मक हुन्छ भने कथाको शैली वर्णनात्मक विवरणात्मक र व्याख्यात्मक हुन्छ । कविताको वस्तु, भाव र विचारसँग सम्बन्धित हुन्छ भने कथाको घटना र प्रसङ्ग हुन्छ ।

२.४. ङ) कथा र जीवनी

जीवनी र कथामा नाटक घटना र वस्तुको आख्यानात्मक प्रस्तुति समान हुन्छ । यद्यपि जीवनीको नायक इतिहासप्रसिद्ध र विख्यात चरित्रको हुन्छ । खास चरित्र, खास सन्दर्भ, देश, काल र घटना विशिष्ट क्षणसँग सम्बन्ध राख्ने हुन्छ भने कथाको नायक सामान्य र सर्वकालिक हुन्छ । अझ सर्वदेशीय पनि हुन्छ ।

त्यसैले साहित्यका अन्य विधामध्ये कथा एउटा छर्लङ्गै र अलग्गै अस्तित्व देखिने विधा हो । यसका आफ्नै पहिचानहरू भएका करणले साहित्यका अन्य विधाभित्र कथा विधा स्वतन्त्र अस्तित्व लिएर बाँच्ने स्वतन्त्र विधा हो भन्ने कुरा बुझिन्छ ।

२.५ भाषा शिक्षणमा कथा शिक्षणको प्रयोजन

भाषा शिक्षणका लागि कथालाई निकै उपयोगी बनाउन सकिन्छ घटना तत्व वा कथानक कथाको मूल विन्दु वा विशेषता हो उक्त कुराले गर्दा कथाको विषयबस्तु बुझ्न शिक्षार्थीहरूलाई सजिलो पर्दछ । फेरि शैक्षणिक दृष्टिले प्रस्तावित कथाहरू जीवन्त र रोचक घटनासँग सम्बन्धित हुन्छन् । यिनको गुम्फन तथा प्रस्तुतीकरण शिल्पका कारणले पनि शिक्षार्थीहरूका लागि कथा ग्राह्य बन्न पुग्छ । विषयबस्तुका दृष्टिले जटिलता नहुनु, वर्णनात्मक शैली हुनु, भाषामा कथाको प्रभाव हुनु, सरल वाक्यगठन तथा शब्द प्रयोग हुनु आदि कुरा अन्य गद्यविधाका अपेक्षा कथामा बढी फेला पर्छन् । त्यसैले कथा सामान्य बोध क्षमताको विकासका

लागि र विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकासका लागि पनि निकै उपयोगी हुने देखिन्छ । पाठ्पुस्तकमा राखिएका कथाहरू शब्दभण्डार र बोध क्षमताको विकासका लागि विशेष गरेर प्रयोग गरिने हुनाले यिनको मुख्य प्रयोजन पाठ्य नै ठहर्छ । तर पनि कथालाई श्रब्य र पाठ्यका रूपमा अझ लेख्यका रूपमा पनि उपयोग बनाउन सकिन्छ । भनाइको आशय के हो भने पाठ्यपुस्तकका कतिपय कथालाई नमुना मानी वा आधार बनाई शिक्षार्थीहरूले कथा भन्न वा सुनाउन र सुन्न लगाउने र त्यसका आधारमा कथा बनाउन वा लेख्न लगाउने गर्न पनि सकिन्छ । कथाका विभिन्न शैलीसँग परिचित भई लेख्न तद्अनुरूप कथा कथन तथा कथालेखन शैलीको सामान्य विकास गर्न पनि पाठ्यपुस्तकका कथालाई केही हदसम्म उपयोगी बनाउन सकिने देखिन्छ ।

विभिन्न भाषा तत्व (व्याकरण) सम्बन्धी अवधारणाको विकास गर्न र तत्सम्बन्धी अभ्यासका लागि पनि कथालाई विशेष उपयोगी बनाउन सकिन्छ । उदाहरणार्थ विभिन्न वाक्य गठन, वाक्य संगति, शब्दवर्ग आदिको पहिचान र अभ्यासका लागि विशेष उपयोगी हुनसक्छ । भाषाको प्रयोगगत दृष्टिले कथामा अन्य गद्य विधाका अपेक्षा विविधता बढी पाइन्छ यसमा विषयवस्तुगत सघनता कम हुने हुनाले पनि कथा उक्त व्याकरण तत्वहरूको पहिचान र अभ्यासका लागि सजिलो सामग्री हुनसक्ने देखिन्छ । कथा कथ्य भाषासँग नजिकिएको लेख्य पाठविधा हुनाले यसलाई उखान टुक्काजस्ता वाक्यपद्धतिको प्रयोग एवम् अभ्यासका लागि पनि उपयोगी बनाउन सकिन्छ । उक्त कुराका साथै कतिपय कथाहरूलाई द्रुतपठन सीपको विकासार्थ उपयोग गर्नुपनि उपयुक्त हुन्छ ।

## अध्याय तिन

# कक्षा पाँच को मेरो नेपाली किताब र नेपाली साहित्य वाटिका भाग पाँच पाठ्यपुस्तकका पाठ्यसामाग्रीको अध्ययन र विश्लेषण

## ३.१ तुलनात्मक विश्लेषण

विशेषत प्राथमिक तह भाषिक सीप विकासको तह हो । प्राथमिक तहका बालबालिकाहरूमा साहित्यको विधागत अध्यापन नगरी साहित्यिक कृतिका माध्यमबाट भाषाका चारै सीप सिकाउँने लक्ष्य राखिएको छ । प्राथमिक तहको पाठ्यक्रमले पनि कथाको वर्गीकरण नगरीकन चित्रकथा, बालकथा, चुटकिलाका माध्यमबाट भाषाका सबै सीप सिकाउँने लक्ष्य राखेको छ । प्राथमिक तहमा कथालाई वर्गीकरण नगरेतापनि अध्येताको निजी अध्ययनका आधारमा प्राथमिक तहको कक्षा पाँच का पाठ्यपुस्तक **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका**मा समावेश गरिएका कथाहरूलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छ ।

| क्र.सं. | प्रकार | मेरो नेपाली किताब | नेपाली साहित्य वाटिका |
|---|---|---|---|
| १ | लोककथा | २ | २ |
| २ | पौराणिक कथा | १ | २ |
| ३ | ऐतिहासिक कथा | - | - |
| ४ | आधुनिक कथा | - | - |
| ५ | नैतिक कथा | ३ | २ |
| **जम्मा** | | **६** | **६** |

माथिका तालिकाबाट के बुझिन्छ भने **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा कथाको संख्या बराबर रहेको छ । **मेरो नेपाली किताब**मा समाविष्ट कथाहरूमध्ये बढी नैतिक कथामा प्रश्रय दिएको पाइन्छ भने

**नेपाली साहित्य वाटिका** भाग पाँच मा लोक कथा, पौराणिक कथा, नैतिक कथालाई उत्तिकै प्राथमिकता दिइएको छ ।

३.२ विषयवस्तुको आधारमा कथाको तुलना :

क) लोक कथा

गाउँघरमा प्रचलित लोकलयमा आधारित परम्परागत लिखित वा अलिखित रूपले चल्दै आएका रोचक ज्ञानबर्द्धक कथाहरू यसअन्तर्गत राखिएको छ । यसबाट भाषिक सीपका अतिरिक्त राष्ट्रिय जन-जीवनका विविध पक्षहरू झल्काउने किसिमका पाठहरू समावेश गरिने र यसभित्र दन्त्य कथाहरू पनि समावेश गरिएका छन् । जसमध्ये **मेरो नेपाली किताब**मा 'कर्मको फल', 'अनौठा प्रश्न' नामक लोककथा समावेश गरिएका छन् । **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा 'राजकुमारी जलजला' र 'अज्ञानताको फल' कथालाई लोक कथाको रूपमा समावेश गरिएका छन् ।

ख) पौराणिक कथा

पूराण, वेद, महाभारत, रामायण आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरव बढाउने खालका आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिबिम्बित गर्ने खालका कथालाई पौराणिक कथामा समावेश गरिएको छ । यस्ता कथाहरू स्वदेशी र विदेशी दुवै विषयवस्तुमा आधारित हुनुपर्ने कुरा उल्लेख गरिएको पाइन्छ । जसअनुसार **मेरो नेपाली किताब**भित्र समाविष्ट 'सबैभन्दा ठुला भक्त' र बौद्ध धर्म ग्रन्थका जातक कथा 'पश्चात्ताप' रहेको पाइन्छ । यी कथाबाट परम्परागत मूल्य र मान्यताको बोध गराई तत्सम्बन्धी चेतना जगाउन आफ्ना गल्ती, कमी-कमजोरी सुधार्नका लागि विद्यार्थीलाई प्रेरित गर्न सकिन्छ । **नेपाली साहित्य वाटिका**मा समाविष्ट 'मातृभूमिको माया' 'पश्चात्ताप' कथाहरूलाई पौराणिक कथाका रूपमा लिन

सकिन्छ । अहम् घमण्ड जस्ता कुराहरूले मानिसलाई कहिल्यै भलो गर्दैन भन्ने कुराको पश्चात्ताप कथाबाट देखाउन खोजिएको छ भने आफ्नो जन्मभूमि स्वर्गभूमिभन्दा पनि प्यारो हुन्छ । जन्मभूमिप्रति हामीले आफ्नो कर्तव्यलाई भुल्नु हुँदैन भन्ने कुरा जन्मभूमिको माया कथामा उल्लेख गरिएको छ ।

ग) ऐतिहासिक कथा

**मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा ऐतिहासिक कथाका रूपमा कुनै पनि कथालाई समावेश गरिएको पाइँदैन । तैपनि केही ऐतिहासिक घटनाका रूपमा पश्चात्ताप कथालाई लिन सकिन्छ । यस कथामा धेरै पहिले इतिहासमा घटेको घटनालाई सानो कथाको रूपमा लिएको पाइन्छ ।

एकजना धनी व्यक्तिले बुद्धलाई जथाभावी गाली गरेर धनको घमण्ड देखाउँछन् तर बुद्ध जस्तोसुकै गाली गरेतापनि शान्त रहेर हाँसी रहन्छन् । धनी व्यक्तिलाई घर फर्कँदै गर्दा बुद्धलाई गाली गरेकामा पश्चात्ताप लागेर बुद्धको शरणमा परेको कुरालाई प्रस्तुत कथामार्फत देखाइएको छ।

**घ) नैतिक कथा**

विशेषतः सामाजिक कथालाई दुवै पाठ्यपुस्तकमा नैतिक कथाको रूपमा प्रस्तुत गरिएको छ । जसअनुरूप 'आँखाको ज्योति', 'प्रेरणा' जस्ता कथाहरूलाई **मेरो नेपाली किताब** भित्र समावेश गरिएको छ । असल काम गऱ्यो भने, अर्काको भलो हुने काम गऱ्यो भने गुमेको आँखाको ज्योति पनि फर्किएर आउने कुरा 'आँखाको ज्योति' कथामा देखाउन खोजिएको छ । यसैगरी एकजना शिक्षिकाको प्रेरणाबाट एउटा सडक बालक कर्मयोगी बनेको कुरा 'प्रेरणा' कथामार्फत उल्लेख गरिएको छ । **नेपाली साहित्य वाटिका** भित्र समाविष्ट 'लोभको फल' कथामा अनावश्यक लोभले विपत्ति निम्त्याउने कुरा देखाइएको छ भने 'मूर्ख बाख्रो'

कथामा अरूलाई सहयोग गर्नेलाई हानी पुऱ्याउन खोज्दा आफ्नै हानी हुने कुरा देखाइएको छ । यसरी बालबालिकालाई असल मार्गमा हिँड्न, खराब प्रवृत्तिलाई त्याग्न, कर्मयोगी बन्न नैतिक कथाहरूले प्रेरणा दिएका छन् ।

३.३ सीपगत दृष्टिले कथाको तुलना

**क) सुनाइ सीप**

सबै कथाहरू श्रवणनीय नै हुन्छन् तर सबै किसिमका कथाहरूले एकै किसिमका कार्यकलापहरूबाट सुनाइ सीप विकास गर्छन् भन्ने चाहिँ हैन । कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू फरक-फरक ढाँचा, किसिम र विषयबस्तुमा आधारित छन् । सुनाइ सीप विकासका लागि श्रुतिलेख, श्रुतिरचना  बुँदा टिपोट, श्रुतिबोधात्मक प्रश्नोत्तर आदिजस्ता कार्यकलाप कथाशिक्षणबाट गराउन सकिन्छ । कथाहरू सुन्न मन पर्ने खालका,  मनोरञ्जन प्रदान गर्ने खालका, कौतुहल जगाउने खालका र सरल भाषा शैली (स्तर अनुसारको) हुनु आवश्यक हुन्छ । यस्ता कथाहरू विद्यार्थीले आनन्द मान्दै सुन्छन् ।

'कर्मको फल', 'अनौठा प्रश्न', 'राजकुमारी जलजला', 'लोभको फल' जस्ता लोक कथा र 'प्रेरणा', 'मातृभूमिको माया' जस्ता नैतिक र पौराणिक कथाहरू विद्यार्थीले मनोरञ्जनात्मक तरिकाले सुनी  बुझ्न सक्छन् । यस्ता कथाको सुनाइबाट श्रुतिबोधात्मक प्रश्नोत्तर गरेर विद्यार्थीहरूको बोध क्षमतामा वृद्धि गराउन सकिन्छ । यस्ता कथाहरू सुनेर विशुद्ध मनोरञ्जन प्राप्त गर्नु मात्र नभई कथाले दिन खोजेको मूल शिक्षा प्रदान गर्नु हुन्छ । त्यस्तै सुनाइ सीप विकासमा आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिबिम्बित गर्ने खालका पौराणिक विषयबस्तुमा आधारित कथाहरूबाट टेवा पुग्न सक्तछ । त्यस्ता कथाहरू विश्लेषणात्मक सुनाइबाट सम्बन्धित विषयको विवेचना विश्लेषण गर्नु, टीका

टिप्पणी गर्ने, खण्डन गर्ने, आफ्नो पक्ष प्रस्तुत गर्ने आदि क्रियाकलाप गराउन सकिन्छ । सुनाइमा विश्लेषणात्मकता यसको उच्चस्तरीयता अपेक्षा हो र सुनाइमा सिर्जनात्मक क्षमताको विकासलाई बढाउने दृष्टि पनि यही नै हो । उक्त किसिमको सुनाइ क्षमता साना कक्षामा शिक्षार्थीहरूमा ज्यादै कम मात्रामा विकास गर्न सकिन्छ । 'सबैभन्दा ठूला भक्त' र 'मातृभूमिको माया' नामक पौराणिक कथाहरूवाट पनि विश्लेषणात्मक सुनाइ सीप विकास गर्न सकिन्छ । उक्त कथाहरूबाट मनोरञ्जनात्मक सुनाइ सीप विकास गरेर श्रुतिबोधात्मक प्रश्नोत्तर गरी विश्लेषणात्मक सुनाइ सीप विकास, सम्बन्धित विषयको विवेचना विश्लेषण गर्ने, टीका टिप्पणी गर्ने, खण्डन-मण्डन गर्ने आफ्नो पक्ष प्रस्तुत गर्ने क्षमताको विकास गर्न सकिन्छ ।

यसरी समग्रमा हेर्दा **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूले **नेपाली साहित्य वाटिका**को तुलनामा सुनाइ सीप विकासमा बढी जोड दिइएको पाइन्छ । लोककथा र पौराणिक कथा **मेरो नेपाली किताब**मा क्रमशः दुइवटा लोककथा र दुईवटा पौराणिक कथा समावेश गरेकाले पूर्ण रचना पुष्टि गरेको पाइन्छ । त्यस्तै **नेपाली साहित्य वाटिका**मा लोककथा दुईवटा, पौराणिक कथा दुईवटा मनोरञ्जनात्मक सीप विकासमा टेवा पुऱ्याउने खालका छन् । यी कथाहरूमा भिन्नता पाइन्छ ।

**ख) बोलाइ सीप**

मौखिक अभिव्यक्ति सीपलाई बोलाइ सीप भनिन्छ । सबै कथाहरू बोलेर नै अभिव्यक्त गरिन्छ । कथाबाट प्रश्नोत्तर, छलफल, घटनावर्णन, खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्ने आदिजस्ता कार्यकलाप गराउन सकिन्छ । अभिव्यक्त गर्न सघाउने कथाहरू पनि संवाद शैलीयुक्त मनोरञ्जनपूर्ण सरल भाषा शैलीयुक्त (

स्तर सुहाउँदो), थेगो, निपात, उखान टुक्का आदिको समोवश भएको कथाहरू पर्दछन् यस्ता कथाहरूले बोलाइ सीप विकासमा जोड दिन्छन् । बोलाइ आत्म डण प्रकाशनको सरलतम् उपाय हो । बोलाइलाई मानवीय व्यक्तित्व प्रकाशनको अभिन्न अङ्ग पनि मानिन्छ । **मेरो नेपाली किताब**मा समाविष्ट 'अनौठा प्रश्न', 'पश्चात्ताप' आदि जस्ता कथाहरूमा माथि उल्लेखित गुण पाउन सकिन्छ । उक्त कथाभित्र समाविष्ट विषयका बारेमा कक्षामा छलफल गराई निर्धक्क साथ, नहडबडाई बोल्ने अभ्यास गराउन सकिन्छ । उक्त कथाहरूको माध्यमबाट बोध प्रश्नोत्तर गराई उनीहरूमा बोध क्षमताको साथै अभिव्यक्ति क्षमता वृद्धि गर्न सकिन्छ । उक्त मनोरञ्जनात्मक कथाहरू पढ्न वा भन्न लगाई प्रभावकारी किसिमको अभिव्यक्ति क्षमता विकास गर्न सकिन्छ । उक्त कथाभित्र समाविष्ट विषयका बारेमा कक्षामा छलफल गराई निर्धक्क साथ नहडबडाई बोल्ने अभ्यास गराउन सकिन्छ । त्यस्तै 'आँखाको ज्योति', 'कर्मको फल' कथाबाट पनि बोलाइ सीपको विकास गर्न सकिन्छ । यी कथाहरूमा संवादात्मक अभिव्यक्ति पाइने भएकाले बोलाइ सीप प्रभावकारी बनाउन सकिन्छ । यस्ता कथाहरूमा भएका पात्रहरूको अभिनय गर्न लगाई संवादात्मक अभिव्यक्ति क्षमता विकास गराउन सकिन्छ । 'प्रेरणा' 'सबैभन्दा ठुला भक्त' कथाबाट पनि बोलाइ सीपको विकास गराउन सकिन्छ । उक्त कथाहरूबाट प्रश्नोत्तर, घटनावर्णन, कुनै खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्न लगाउने, परिचर्चा गराउने आदि कार्यकलाप गराई बोलाइ सीपलाई प्रभावकारी बनाउन सकिन्छ ।

समग्रमा हेर्दा **मेरो नेपाली किताब** भित्र समावेश गरिएका कथाहरूमा संवादशैली निहित भएकाले सबै कथाहरू नै बोलाइ सीप विकासमा प्रश्रय दिने खालका देखिन्छन् । **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समाविष्ट कथामा संवाद पक्ष कमजोर देखिन्छ । 'पश्चात्ताप' कथा बाहेक **नेपाली साहित्य वाटिका**

पाठ्यपुस्तकभित्र समाविष्ट अन्य सबै कथाहरूको संवाद पक्ष, आत्मलाप कमजोर रहेको छ । **मेरो नेपाली किताब**मा समाविष्ट ६ वटा कथाहरूमध्ये चारवटामा संवाद पक्ष प्रवल रहेको छ तर यसको तुलनामा **नेपाली साहित्य वाटिका** भित्र समाविष्ट 'पश्चात्ताप' बाहेक अन्य पाँचवटा कथाहरू संवाद पक्षमा कमजोर, वर्णनात्मक, विवरणात्मक र मनोरञ्जन प्रदान गर्ने खालका रहेका छन् । यसैले **नेपाली साहित्य वाटिका** किताबमा समाविष्ट कथाभन्दा **मेरो नेपाली किताब** भित्र समाविष्ट कथाले नै बोलाइ सीप विकासलाई प्रश्रय दिएको पाइन्छ ।

### ग) पढाइ सीप

पढाइ भनेको लिपिबद्ध मात्रामा उतारिएको ज्ञान एवम् सूचनालाई पाठकद्वारा आफ्ना मस्तिष्कले सङ्गठित गर्ने सीप हो । पढाइ सीप विकास मुख्यतः दुई तरिकाले गर्न सकिन्छ, सस्वर पठन र मौन पठन । सस्वर पठन साना कक्षाका लागि महत्वपूर्ण हुन्छ भने मौन पठन अपेक्षित ठूला कक्षाका लागि । पढाइ सीप विकासमा कथा विधाको ठूलो महत्व रहेको छ । कक्षा पाँच मा समावेश गरिएका कथाहरू पढाइ सीप विकास गर्न सक्षम छन् । पढाइ सीप विकासका लागि सस्वर मौन पढाइका तरिकाहरू अपनाउन सकिन्छ । **मेरो नेपाली किताब**मा समावेश गरिएका 'कर्मको फल' कथामा कौतुहल जगाउने विषयबस्तु भएकोले सस्वर वाचन गराई बोधप्रश्नोत्तर गराउन सकिन्छ । त्यस्तै 'आँखाको ज्योति' कथामा संवाद पक्ष बढी भएकोले अभिनयका माध्यमबाट हाउभाउसहित अभिव्यक्ति गराउन सकिन्छ । 'अनौठा प्रश्न' कथा पनि विद्यार्थीहरूलाई दुई भागमा विभाजन गरेर अभिनयसहित सस्वर पठन गराउन सकिन्छ । त्यसैगरी 'प्रेरणा' कथाबाट पनि पढाइ सीपको विकास गराउन सकिन्छ । कौतुहलता जगाउने विषयबस्तु मौन पठन गराउँदा विद्यार्थीहरूमा आनन्द मानी सबैलाई प्रभावकारी ढङ्गले पढेर सुनाउने इच्छा नपुगी अलि खल्लो नलाग्ला भन्न सकिन्न । बाल-बालिकामा

कर्मयोगी बन्ने प्रेरणा दिने, कामप्रति श्रद्धा जगाउने खालका कथाहरूबाट उनीहरूको बोध क्षमतामा विकास गराउन सकिन्छ । यस्तो पाठ सस्वर र मौन पठन दुवै प्रकारले बोध क्षमतामा वृद्धि ल्याउन सकिन्छ । सस्वर पढाइबाट गति यति र विराम चिह्नको ख्याल गरी पढ्न शुद्धोच्चारण गर्न पोख्त भएपछि विद्यार्थीलाई बोध क्षमताको विकास गर्न मौन पढाइतिर प्रेरित गर्नु आवश्यक हुन्छ किनकि एकै पटक ठूलो कक्षामा गएपछि मौन पढाइको अभ्यास गराउनु सान्दर्भिक नहुन सक्छ । त्यस्तै 'सबैभन्दा ठुला भक्त', 'पश्चात्ताप' जस्ता पौराणिक कथामा विभिन्न नीति नियमबारे उल्लेख गरिएको पाइन्छ । यस कथामा सस्वर र मौन वाचन गराई सबै किसिमका पढ्ने सीप विकास गराउन सकिन्छ । यी कथाभित्र मान्छेमा हुने अह्मले कहिल्यै भलो गर्दैन , घमण्डी मान्छे कहिल्यै ठुलो मान्छे बन्न सक्दैन भन्ने नैतिक शिक्षा पनि पाइन्छ ।

**नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेष गरिएका कथाहरूले मुख्य रूपमा मौन पढाइलाई प्राथामिकता दिएको जस्तो देखिन्छ । 'राजकुमारी जलजला', 'लोभको फल', 'मुर्ख बाख्रो' जस्ता कथाहरूमा मनोरञ्जनात्मकता बढी पाइन्छ । वर्णनात्मक-विवरणात्मक शैलीमा लेखिएका यी कथाहरूबाट मौन पठन कला विकास गर्न सकिन्छ । सस्वर पठनका लागि अपेक्षित वातावरण पनि यी कथाहरूबाट तयार भएको पाइँदैन । विद्यार्थीहरूलाई मनमनै पढ्न लगाई कथामा निहित भावको पहिचान गर्ने, मुख्य कुराको बोध गर्ने, मुख्य-मुख्य बुँदाहरू भन्न लगाउने प्रस्तुत भावप्रति आफ्नो विचार प्रस्तुत गर्ने जस्ता कार्यकलाप गराउन सकिन्छ । यसबाहेक 'पश्चात्ताप' 'अज्ञानताको फल, 'मातृभूमिको माया' जस्ता कथाहरूमा केही संवाद पक्ष पनि रहेकोले यिनीहरूलाई सस्वर र मौन पठन दुबै गराउन सकिन्छ ।

यसरी समग्रमा हेर्दा **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** दुवै पाठ्यपुस्तकमा समावेश गरिएका सबै कथाहरूबाट पढाइ सीप विकास गर्न सकिन्छ । प्राथमिक तहमा विद्यार्थीको उमेर रुचिअनुसार मौन पठनभन्दा सस्वर पठनलाई बढी प्राथमिकता दिनुपर्छ । साना कक्षाका निम्ति उपयुक्त मानिने सस्वर पठनलाई **मेरो नेपाली किताब**ले बढी प्रश्रय दिएको पाइन्छ भने **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकले अपेक्षाकृत रूपमा कम प्राथमिकता दिएको पाइन्छ ।

**घ) लेखाइ सीप**

सबै किसिमका कथाबाट लेखाइ सीप विकास गराउन सकिन्छ । कुनै कथाहरूबाट लेखन सीप विकासका एक थरी कार्यकलाप गराउन सकिन्छ भने कुनैबाट अर्काथरी । किनकि कथामा निहित विषयवस्तुको प्रस्तुति फरक-फरक किसिमका हुन्छन् । लेखाइ सीप विकास गर्नका लागि कथा शिक्षणबाट अनुभव वा घटना वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, भाव विस्तार, सारांश लेखन, अनुच्छेद लेखन, कथा लेखन आदिजस्ता क्रियाकलाप गराउन सकिन्छ । **मेरो नेपाली किताब**मा समावेश गरिएका कथाहरूबाट लेखाइ सीप विकास गराउन सकिन्छ । ती कथाबाट लेखाइ सीप विकासका विभिन्न कार्यकलापहरू गराउन सकिन्छ । लोककथा र नैतिक कथाहरू क्रमशः 'कर्मको फल', 'अनौठा प्रश्न', 'आँखाको ज्योति', 'प्रेरणा' आदि जस्ता कथाहरूबाट सिर्जनात्मक लेखन सीप विकास गर्न सकिन्छ । यी कथाहरूमा मनोरञ्जक विषय, सामाजिक घटनावस्तुमा आधारित मनोवैज्ञानिक र संवेगात्मक प्रस्तुति पाइन्छ ।

यस्ता कथाहरूको माध्यमबाट समाजमा घटेको वा घट्न सक्ने त्यस्तै घटनालाई कथावस्तु बनाई कथा लेख्न प्रेरित गर्न सकिन्छ । यस्ता कथाहरूबाट प्रश्नोत्तर लेखन, कथा लेखन, भावविस्तार, अनुलेखन आदिजस्ता क्रियाकलापहरू गराई लेखन सीप विकास गर्न सकिन्छ । त्यस्तै 'सबैभन्दा ठुला भक्त', 'पश्चात्ताप'

जस्ता पौराणिक जातक कथाबाट घटना वर्णन, अनुलेखन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, श्रुतिलेखन जस्ता कार्यकलापहरू गराई लेखन सीप विकास गराउन सकिन्छ । 'आँखाको ज्योति' जस्तो संवादात्मक शैलीमा लेखिएको कथाबाट संवाद लेखन सीप विकास गर्न सकिन्छ । त्यस्तै **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकभित्र समावेश गरिएका लोककथा 'राजकुमारी जलजला' र 'मातृभूमिको माया' जस्ता पौराणिक कथाबाट विशेष गरी सृजनात्मक लेखन सीप विकास गर्न सकिन्छ । तिनमा निहित विषयवस्तु, मनोरञ्जक र सरल भाषाशैली समाविष्ट छन् । मनोवैज्ञानिक र सामाजिक विषय भएकोले उक्त कथाहरूले सिर्जनात्मक लेखन विकासमा जोड दिन्छन् । त्यसैगरी 'अज्ञानताको फल', 'मूर्ख बाख्रो', 'लोभको फल' जस्ता कथाहरूबाट लेखन सीपका घटना वर्णन अनुलेखन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट जस्ता कार्यकलापहरू गरी लेखन सीप विकास गर्न सकिन्छ । उक्त कथाहरू मौन पठन गराई प्रश्नोत्तर लेख्ने मुख्य-मुख्य बुँदाहरू टिपोट गर्ने भावार्थ लेख्ने संक्षेपीकरण गरी लेख्ने आदि जस्ता कार्यकलापहरू गराई लेखाइ सीप विकास गर्न सकिन्छ ।

यसरी समग्रमा हेर्दा दुवै पाठ्यपुस्तकमा सिर्जनात्मक लेखन सीप विकासमा बढी जोड दिइएको पाइन्छ । दुवै पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूबाट प्रश्नोत्तर लेखन, भावविस्तार, संक्षेपीकरण आदिजस्ता कार्यकलाप गराउन सकिन्छ ।

## ३.४ नमुना अभ्यासको तुलना

### क) अभ्यासगत विविधताको तुलना

अभ्यासगत विविधताको दृष्टिले हेर्दा **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा फरक-फरक किसिमले नमुना अभ्यास दिइएको देखिन्छ । **मेरो नेपाली किताब**मा समाविष्ट कथाहरूमा

नमुना अभ्यासको संरचनाको ढाँचा लगभग एकै किसिमको देखिन्छ । अभ्यासमा सर्वप्रथम शब्दभण्डारअन्तर्गत क्रमशः सुनेर भन्ने, पढेर सुनाउने, सच्याएर कापीमा सार्ने, जोडा मिलाउने, त्यसपछि बोध प्रश्न, वाक्यमा प्रयोग गर्ने, प्रश्नको उत्तर लेख्ने लामा प्रश्न, वाक्यमा प्रयोग गर्ने, प्रश्नको उत्तर लेख्ने, लामा प्रश्न, छोटो प्रश्न र अन्त्यमा व्याकरणसम्बन्धी श्रुतिसमभिन्नार्थक शब्द , करण-अकरण, पद सङ्गति, नाम, सर्वनाम, क्रिया, वचन, पुरुष र अन्त्यमा प्रत्येक पाठमा तीन वा चार सिर्जनात्मक प्रश्नहरू समावेश गरिएको पाइन्छ ।

**नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकअन्तर्गत नमुना अभ्यासमा सर्वप्रथम शब्दभण्डारअन्तर्गत शब्दार्थ, बोध प्रश्नोत्तर लेखन, कसले, कसलाई, किन भनेको जस्तो सानो प्रश्न, ठीक-बेठीक छुट्याउने, वाक्यमा प्रयोग गर्ने, खाली ठाउँ भर्ने र व्याकरणअन्तर्गत शब्दक्रम मिलाएर लेख्ने, चिह्न प्रयोग, करण-अकरण, संयोजक, लघुतावाचक, बृहत्वाचक शब्द र सरल वाक्य, मिश्र वाक्य, संयुक्त वाक्य समावेश गरेको पाइन्छ । **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएको नमुना अभ्यास एकै किसिमको छैन । सर्वप्रथम सबै पाठमा शब्दार्थ राखिएको छ भने त्यसपछि कहीँ ठीक-बेठीक छुट्याउने खाली ठाउँ भर्ने, जोडा मिलाउने, वाक्यमा प्रयोग गर्ने आदि अभ्यासहरू राखिएको छ । **मेरो नेपाली किताब**को तुलनामा **नेपाली साहित्य वाटिका**मा नमुना अभ्यासको संरचना र ढाँचा एकै किसिमको देखिँदैन ।

यसरी समग्रमा हेर्दा **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकलाई तुलना गर्दा **मेरो नेपाली किताब**को नमुना अभ्यास **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकको नमुना अभ्यासभन्दा व्यवस्थित रहेको देखिन्छ । **मेरो नेपाली किताब**मा सिर्जनात्मक अभ्यास पनि राखिएको छ । **मेरो नेपाली किताब**मा समावेश गरिएका नमुना अभ्यासका प्रश्नहरू एकै खालका पाइन्छ ।

मात्र व्याकरण सम्बन्धी फरक फरक ढाँचा पाइन्छ । शब्दको अर्थ लेख्ने, पढेर बुझ्ने, शुद्धगरी लेख्ने, ठीकसँग उच्चारण गर्ने जस्ता अभ्यासलाई दुवैमा समेटेको पाइन्छ । **मेरो नेपाली किताब**मा शब्दार्थलाई पनि अभ्यासकै रूपमा जोडा मिलाउने गरी दिइएको छ भने **नेपाली साहित्यवाटिका**मा शब्दार्थलाई सोझै दिइएको छ । अभ्यासात्मक विविधताका दृष्टिले हेर्दा **नेपाली साहित्य वाटिका**भन्दा **मेरो नेपाली किताब** पाठ्यपुस्तकका कथा विधाका नमूना अभ्यास सक्षम देखिन्छन् । विषयगत, वस्तुगत दुवैखाले प्रश्न राखी शब्दार्थलाई पनि अभ्यासका रूपमा प्रस्तुत गरेर विद्यार्थीको बोधक्षमताको विकास गर्ने अभ्यास **नेपाली साहित्यवाटिका** पाठ्यपुस्तकमा भन्दा **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा रहेको छ ।

**ख) सीपगत दृष्टिले अभ्यासको तुलना**

कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश कथाहरूमा समावेश भएको नमूना अभ्यासहरू कुन सीप सिकाउन बढी प्रेरित भएका छन् भन्ने कुरालाई यहाँ हेरिएको छ ।

**मेरो नेपाली किताब**मा समावेश कथाहरूका अभ्यासमा प्रश्नोत्तर सबैमा देखिन्छ । प्रश्नोत्तर कार्यकलापबाट बोलाइ, पढाइ, लेखाइ सीप विकास गर्न मद्दत मिल्छ । संवादात्मक अभिव्यक्तियुक्त कथाहरूको समावेशबाट बोलाइ सीप विकास गर्न मद्दत मिल्छ । त्यस्ता कथा **मेरो नेपाली किताब**मा 'अनौठा प्रश्न', 'पश्चात्ताप', 'सबैभन्दा ठूला भक्त', 'आँखाको ज्योति' गरेर ४ वटा समावेश भएका छन् । पढाइ सीप विकास गर्न बोध प्रश्नहरू निर्माण गरिन्छ । त्यस्ता बोध प्रश्नहरू **मेरो नेपाली किताब**का कथाहरूमा समग्रमा जम्मा ३६ वटा समावेश गरिएका छन् । यसबाट पनि **मेरो नेपाली किताब**का कथाहरूले पढाइ सीप विकासमा पनि जोड दिएको पाइन्छ । लेखाइ सीप विकासका कार्यकलापहरूमा **मेरो नेपाली किताब** कथाका आशय लेख्ने ४ वटा, छोटो उत्तर दिने ३३ वटा र कथा छोटकरीमा लेख्ने

१, आफूले जानेको कथा लेखी सुनाउने २ गरी जम्मा ४० वटा बोध प्रश्नहरू समावेश गरिएका छन् । यसबाट पनि **मेरो नेपाली किताब**का कथाहरू लेखाइ सीप विकास गर्न सक्षम देखिन्छन् । कथा कथन सबै कथाबाट गर्न सकिने हुनाले यसबाट बोलाइ सीप विकासमा टेवा पुग्दछ । सुनाइ सीप विकासका लागि प्रशस्त उखान टुक्काहरू प्रयोग भएका मनोरञ्जनात्मक, हाँस्यात्मक कथाहरूले सहयोग गर्न सक्छन् । **मेरो नेपाली किताब**मा भएका 'अनौठा प्रश्न', 'सबैभन्दा ठूला भक्त', 'पश्चात्ताप' जस्ता कथाहरू ज्ञानबर्द्धक हुनाका साथै यी कथाभित्र समावेश गरिएका विषय हाँस्यात्मक र आश्चर्यजनक भएकाले यस्ता कथा सुनेर केही मात्रामा भए पनि सुनाइ सीप विकास गर्न सकिने भएकाले यस्ता कथाबाट सुनाइ सीप विकास गर्न मद्दत मिल्छ । कुनै पनि कुरा सुनेर त्यसमा निहित विभिन्न तथ्य वा पक्षप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्नु अथवा त्यस विषयका विवेचना गर्नु, टीकाटिप्पणी गर्नु, खण्डन-मण्डन गर्नु, आफ्नो पक्ष प्रस्तुत गर्नु आदिलाई विश्लेषणात्मक सुनाइ भन्न सकिन्छ । विश्लेषणात्मक सुनाइ उच्चस्तरीय सुनाइ हो । यस्ता सुनाइबाट सिर्जनात्मक क्षमताको विकास गराउन सकिन्छ । यस्तो सुनाइ सीपविकास सबै कथाबाट गराउन सकिन्छ । यस्ता अभ्यासलाई हेर्दा कथालेखन र लामो उत्तर लेखन गर्न पनि विश्लेषणात्मक सुनाइ हुनुपर्दछ । यस्ता प्रश्न **मेरो नेपाली किताब**मा जम्मा ६ वटा समावेश गरिएको देखिन्छ ।

**नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समाविष्ट कथालाई हेर्दा तीनैवटा ( बोलाइ, पढाइ,लेखाइ) सीप विकासका लागि सबै कथामा लामा छोटा गरी पच्चीसवटा प्रश्नहरू समावेश गरिएको छ । यी प्रश्नहरूबाट भाषाका बोलाइ, पढाइ, लेखाइ तीनवटै सीप विकासमा मद्दत मिल्दछ । सुनाइ सीप विकासका कार्यकलापहरूमा छलफल गर्ने, व्याख्या गर्ने र मौखिक प्रश्नोत्तर गराउने प्रश्नहरू **नेपाली साहित्य वाटिका**मा समाविष्ट कथाहरूको नमुना अभ्यासमा दिइएको छैन । पढाइ सीप विकासका लागि बोध प्रश्नहरू १३ वटा समावेश भएका छन् भने

ठीकसँग भन, शुद्ध उच्चारण गर, उत्तर भन, कसले कसलाई भनेको हो जस्ता प्रश्न जम्मा २५ वटा दिइएको छ । यस्ता कार्यकलापहरूबाट पढाइ कार्यकलाप विकास गराउन सकिन्छ । बोलाइ सीप विकास गर्ने कार्यकलापमा छलफल गर्ने, ठीकसँग भन, छोटो उत्तर देऊ, कसले कसलाई भनेको, उच्चारण गर, शब्दको अर्थ बुझ र वाक्य बनाऊ, जस्ता १८ वटा अभ्यासका लागि दिइएको छ । लेखाइ सीप विकासका लागि भने प्रश्नोत्तर, भाव विस्तार, कथा लेखन आदि गरी ४१ वटा प्रश्नहरू समावेश गरिएको देखिन्छ ।

यसरी समग्रमा हेर्दा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीप विकासमा **नेपाली साहित्य वाटिका**का तुलनामा **मेरो नेपाली किताब** कथामा समावेश गरिएका नमुना अभ्यास नै सक्षम देखिन्छ । **मेरो नेपाली कथा** पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासमा भाषाका सबै सीप विकास गर्ने किसिमका प्रश्नहरू समावेश भएको देखिन्छ । पाठगत हिसाबले हेर्दा **नेपाली साहित्य वाटिका**का कथाहरूमा दिइएका नमुना अभ्यासमा धेरै पाठमा लेखाइ सीपका कार्यकलापहरू बढी राखिएको देखिन्छ । बोलाइ, पढाइ, सुनाइ, सीप विकासमा मद्दत गर्ने कार्यकलाप ज्यादै थोरै समावेश गरिएको देखिन्छ । सीपगत हिसाबले **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकका कथामा भएका नमुना अभ्यासभन्दा **मेरो नेपाली किताब** पाठ्यपुस्तकका कथामा भएका नमुना अभ्यास बढी सक्षम देखिन्छन् । सिर्जनात्मक अभ्यास सबै पाठमा समावेश गरी छलफल र कथालेखनजस्ता कार्यकलाप थप गरी भाषाका ४ वटै सीपहरूलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन सकिन्छ ।

### ग) सिर्जनात्मक अभ्यासको तुलना

कथा शिक्षणका उद्देश्यहरूमा सिर्जनात्मक अभ्यासको विकास गराउनु पनि एक हो । यस्ता अभ्यासहरू नमुना अभ्यासमा प्रशस्त मात्रामा समावेश गरेर

सिर्जनात्मक सीप विकास गराउन सकिन्छ । सिर्जनात्मक सीप विकास गराउने कार्यकलापहरूमा कथा लेखन, अनुभव लेखन, यात्रा वर्णन, दैनिकी लेखन, निबन्ध लेखन आदिजस्ता कार्यकलापहरू गराउन सकिन्छ । त्यस्तै कथालेखन छलफल गर्ने, लामो उत्तर दिने खालका अभ्यास पनि सिर्जनात्मक सीप विकास गराउन सहयोगी देखिन्छन् । कक्षा पाँच को **मेरो नेपाली किताब** र **मेरो साहित्य वाटिका** पाठ्यपुस्तकमा पनि सिर्जनात्मक अभ्यासहरू समावेश गरी सिर्जनात्मक सीप विकास गराउने लक्ष्य राखिएको छ । त्यसैअनुरूप दुवै पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा भएका सिर्जनात्मक अभ्यासको स्थितिको यहाँ तुलना गरिएको छ ।

**नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा सिर्जनात्मक सीप विकास गर्ने, कार्यकलापहरूमा चित्र हेरी कथा लेख्ने, एउटा प्रश्न समावेश गरिएको छ भने अन्य सहयोगी कार्यकलापहरूमा चित्र हेरेर वर्णन गर्न भनी दुईवटा प्रश्नहरू दिइएको छ । यसबाहेक **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा, तात्पर्य लेख्ने, छलफल गर्ने, भाव विस्तार गर्ने, सिकेको कुरा लेख्ने, आदि कुनै पनि सिर्जनात्मक अभ्यास समावेश गरिएको छैन ।

**मेरो नेपाली किताब** पाठ्यपुस्तकमा सिर्जनात्मक सीप विकास गर्ने कार्यकलापहरूमा सिर्जनात्मक अभ्यास भनेर ६ वटा प्रश्नहरू राखिएको देखिन्छ । भनाइलाई बढाएर लेख्ने, एउटा आशय लेख्ने, तीनवटा सस्वर वाचन गर्ने, एक वटा कथावाट सिकेको कुरा लेख्ने र गाउँखाने कथा दशवटा गरी जम्मा १६ वटा प्रश्न समावेश गरिएको देखिन्छ । यस पाठ्यपुस्तकमा **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकभन्दा बढी सिर्जनात्मक अभ्यासमा विविधता पाइन्छ । प्राथमिक तहका बाल-बालिकाहरूमा सिर्जनात्मक क्षमता बढाउनका लागि **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकभन्दा **मेरो नेपाली किताब**ले बढी प्राथमिकता दिएको देखिन्छ ।

**नेपाली साहित्य वाटिका**मा चित्र हेरी वर्णन गर्ने बाहेक सिर्जनात्मक अभ्यासका कुनै पनि प्रश्नहरू समावेश गरिएका छैनन् । तर **मेरो नेपाली किताब**मा चित्र हेरी वर्णन गर्ने, आशय लेख्ने, छलफल गर्ने, सिकेको कुरा लेख्ने, गाउँखाने कथा लगायतका जम्मा २२ वटा सिर्जनात्मक अभ्यासहरू दिइएका छन् । यसबाट **नेपाली साहित्य वाटिका** भन्दा **मेरो नेपाली किताब**का कथाका नमुना अभ्यास सिर्जनात्मक सीप विकास गराउन बढी सक्षम देखिन्छन् । तर यो प्रत्येक कथामा कम्तीमा एउटा प्रश्न भए पनि सिर्जनात्मक प्रश्न गरे धेरै राम्रो हुने देखिन्छ ।

यसरी समग्रमा हेर्दा सिर्जनात्मक सीप विकास गर्ने उद्देश्यले **नेपाली साहित्य वाटिका**मा तीनवटा प्रश्न राखिएकाले **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा भएका कथाका नमुना अभ्यासका तुलनामा **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समाविष्ट कथाका नमुना अभ्यास सिर्जनात्मक सीप विकासमा कमजोर देखिन्छन् । **मेरो नेपाली किताब**मा समाविष्ट कथाका नमुना अभ्यासमा सिर्जनात्मक सीप विकास गर्न सहयोगी प्रश्नहरू जम्मा २२ वटा राखिएका छन् भने **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा जम्मा १३ वटा मात्र समावेश गरिएका छन् । सिर्जनात्मक अभ्यासकै लागि भनेर **मेरो नेपाली किताब** मा ६ वटा भनाइलाई बढाएर लेख्ने, तात्पर्य लेख्ने, ४ वटा कथाबाट सिकेका कुरा लेख्ने, र गाउँखाने कथा १० वटा समावेश गरिएका छन् । यसरी दुवै पाठयपुस्तकलाई तुलना गर्दा **नेपाली साहित्य वाटिका** (निजी विद्यालयको पाठ्यपुस्तक) भन्दा **मेरो नेपाली किताब** (सरकारी विद्यालयको पाठ्यपुस्तक) मा भएका कथाका नमुना अभ्यास नै राम्रो देखिन्छ ।

### ३.५ उद्देश्यअनुरूपताका आधारमा कथाहरूको तुलना

भाषा पाठ्यक्रमले भाषा प्रयोगको सीप पक्षलाई बढी महत्व दिएको हुन्छ । सीप विकासका लागि भाषिक अभ्यासहरूबाट नै आवश्यक सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ, शब्दभण्डार, व्याकरण, रचना कौशल जस्ता क्षमताको

विकास गर्ने उद्देश्य राखिन्छ । त्यस्तै ती उद्देश्यहरू पाठ्यपुस्तकको कथा विधामा प्रतिबिम्बित गरिएको हुन्छ । यस पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुरूपका कथाहरू राखिएका छन् कि छैनन् भनेर हेर्ने प्रयास गरिएको छ ।

सुनाइ, बोलाइ सीपअन्तर्गत कक्षा पाँच का लागि निर्दिष्ट पाठ्यक्रमले ११ वटा उद्देश्यहरू राखेको पाइन्छ । दुवै पाठ्यपुस्तकमा समावेश भएका कथाहरू सुनाइ सीपको विकास गराउन सक्रिय 'कर्मको फल', 'अनौठा प्रश्न', 'आँखाको ज्योति', 'पश्चात्ताप', 'मूर्ख बाख्रो' जस्ता कथाहरू विद्यार्थीहरूले मनोरञ्जनात्मक तरिकाले सुनी बुझ्न सक्छन् । यस्ता कथाबाट सुनाइ सीपको विकास गर्न सकिन्छ । 'सबैभन्दा ठूला भक्त', 'मातृभूमिको माया' जस्ता पौराणिक कथाहरू पनि विश्लेषणात्मक सुनाइ सीपको विकास गराउनुका साथै उक्त कथा सुनी श्रुतिबोधात्मक प्रश्नोत्तर गरी बोध क्षमताको विकास गराउन सकिन्छ ।

बोलाइ सीपको विकास गर्न सकिने कथाहरूमा 'कर्मको फल', 'आँखाको ज्योति', 'पश्चात्ताप', 'सबैभन्दा ठूला भक्त' जस्ता कथाबाट प्रश्नोत्तर, घटनावर्णन, कुनै खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्न लगाउने, परिचर्चा गराउने आदि जस्ता क्रियाकलापहरू गराई बोलाइ सीपको प्रभावकारी विकास गराउन सकिन्छ । 'अनौठा प्रश्न', 'मातृभूमिको माया' जस्ता कथाहरूमा पनि बोलाइ सीपको विकास हुने गर्दछ । पढाइ सीपअन्तर्गत कक्षा पाँच का लागि निर्दिष्ट गरिएको पाठ्यक्रमले ४ वटा उद्देश्य राखेको पाइन्छ । **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा पढाइ सीप अन्तर्गत 'अनौठा प्रश्न', 'सबैभन्दा ठूला भक्त' जस्ता संवादात्मक अभिव्यक्ति भएका कथा समावेश गरिएका छन् । यी कथाहरूमा स्मरण, बौद्धिकताका साथै कौतुहलता जगाउने विषयवस्तु समावेश गरिएको पाइन्छ । त्यसैगरी 'प्रेरणा', 'आँखाको ज्योति' नामक कथाबाट पनि पढाइ सीपको विकास गराउन सकिन्छ ।

**नेपाली साहित्य वाटिका** पााठ्यपुस्तकमा समाविष्ट 'लोभको फल', 'राजकुमारी जलजला' जस्ता लोककथा मनोरञ्जनात्मक तरिकाले सुनेर पनि पढाइ सीपको विकास गराउन सकिन्छ । यसैगरी 'मातृभूमिको माया', 'मूर्ख बाख्रो', 'अज्ञानताको फल' जस्ता कथाहरूमा बौद्धिकताका साथै कौतुहलता पनि पाइन्छ । मनोरञ्जनात्मक रूपमा उल्लेख गरिएका यी कथाहरूबाट पनि पढाइ सीपको विकास गराउन सकिन्छ ।

त्यसैगरी लेखाइ सीपअन्तर्गत कक्षा पाँच को पाठ्यक्रमले ६ वटा उद्देश्यहरू निर्धारण गरेको छ । दुवै पाठ्यपुस्तकबाट लेखाइ सीपको विकास गराउन सकिन्छ । लोक कथाहरू क्रमशः 'कर्मको फल', 'अनौठा प्रश्न', 'राजकुमारी जलजला', 'लोभको फल' जस्ता कथाहरूबाट सिर्जनात्मक लेखन सीप विकास गराउन सकिन्छ । प्रश्नोत्तर लेखन, भाव विस्तार, कथा लेखन, अनुभव लेखन आदि जस्ता क्रियाकलाप गराई लेखन सीप विकास गराउन सकिन्छ । कथामा दिइएका सिर्जनात्मक अभ्यासहरूबाट चित्र हेरी कथा लेख्ने, वर्णन लेख्ने आदि क्रियाकलाप गराउन सकिन्छ । विद्यार्थीहरूलाई निर्देशन दिएर स्वतन्त्र रूपमा रचना तयार गराउन सकिन्छ । 'प्रेरणा', 'सबैभन्दा ठूला' भक्त, 'आँखाको ज्योति', 'मूर्खताको परिणाम' जस्ता कथाहरूबाट पनि लेखन सीपको विकास गराउन सकिन्छ ।

## ३.६ पाठ्यक्रम अनुरूपताका आधारमा कथाहरूको तुलना

### क) भाषा पाठ्यक्रमको परिचय

भाषा मानवीय सम्प्रेषणको आधार र माध्यम हो । विचार विनिमयको वाहक हो र मानव जगतका समग्र ज्ञान, विज्ञान, दर्शन, कला, सीप र कौशलहरूको संरक्षक एवम् सम्बर्द्धक श्रोत हो । भाषा सिकाइ एक निरन्तर प्रक्रिया हो । यसको सिकाइ श्रोत पनि अत्यन्त व्यापक रहेको हुन्छ तर सबै श्रोतबाट सिकेको भाषा उपयुक्त र विशुद्ध हुनसक्छ भन्न सकिँदैन । भाषा सिकाइमा

सम्बन्धित भाषाको मानक रूप र शिष्ट रूपको सिकाइ हुन सकोस् साथै सम्बन्धित भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता आधारगत सीप र कलामा निपूणता प्राप्त होस् भन्ने अपेक्षा गरिन्छ । सम्बन्धित भाषा सिकेर आफ्ना जीवनका विविध आवश्यकता पूरा गर्नसक्ने दक्षता आउन सकोस् र सँगसँगै शैक्षिक आवश्यकता, सामाजिक आवश्यकता तथा राष्ट्रिय आवश्यकताहरूको पनि परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य र सम्पादनीयता हासिल हुनसकोस् भन्ने ध्येय भाषा शिक्षणमा राखिएको हुन्छ । बोध र अभिव्यक्ति कुशलताका माध्यमले आवश्यकीय वैयक्तिक ज्ञान प्रबर्द्धन हुनसकोस्, वैयक्तिक खूबी र क्षमता प्रदर्शनका अवसरहरू प्राप्त हुन सकुन, मानवीय प्रतिभा र सिर्जनशील सीप कौशलको अभिवृद्धि गरी व्यक्तित्व विकास र सभ्यता विकासमा टेवा पुग्न सकोस् र आफ्ना जैविक, सामाजिक आवश्यकताहरूको पनि प्रभावकारी निदान हुन सकोस भन्ने अभिप्राय भाषा सिकाइसँग गाँसिएको हुन्छ । अतः यिनै अभिप्रायगत उद्देश्यले विद्यालय वा शैक्षिक संस्थाहरूले भाषा शिक्षण कार्यक्रमहरूको व्यवस्था गरेका हुन्छन् । भाषा शिक्षण सम्बन्धी व्यवस्थित एवं नियोजित कार्यक्रमलाई नै भाषा पाठ्यक्रम भनिन्छ ।

**ख) भाषा पाठ्यक्रमका परिभाषाहरू**

- विद्यालय भित्र र बाहिरको परिवेशमा भाषा शिक्षणका अपेक्षित उद्देश्य प्राप्त गरिने
- यावत प्रयासहरूलाई नै भाषा पाठ्यक्रम भनिन्छ ।
- भाषा पाठ्यक्रम भनेको मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवहरूको सार हो ।
- भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।

कथा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथनात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुतः कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्छ । यस क्रममा कथाश्रवण, कथाकथन, कथाको अनुलेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, सारांश लेखन, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थप्रयोग, श्रुतिलेखन, अनुलेखन जस्ता कार्यकलाप गराउनु पर्दछ । विषयक्षेत्रका आधारमा कथालाई निम्न प्रकारबाट विभाजन गरिएको छ ।

लोककथा अन्तर्गत गाउँघरमा प्रचलित लोकगाथामा आधारित परम्परागत लिखित वा अलिखित रूपले चल्दै आएका रोचक र ज्ञानबर्द्धक कथाहरू पर्दछन् । **मेरो नेपाली किताब**मा समावेश भएका 'अनौठा प्रश्न', 'कर्मको फल' 'आँखाको ज्योति' र **नेपाली साहित्य वाटिका**मा 'राजकुमारी जलजला', 'लोभको फल' कथा लोककथा अन्तर्गत पर्दछन् ।

पौराणिक कथा अन्तर्गत वेद, रामायण, महाभारत आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरव बढाउने खालका आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिबिम्बित गर्ने खालका कथाहरूमा 'सबैभन्दा ठूला भक्त', 'पश्चात्ताप', 'मातृभूमिको माया' जस्ता कथा पर्दछन् ।

ऐतिहासिक कथा यस पाठ्यपुस्तकमा समावेश गरिएको छैन तापनि त्यसकै आधारमा लेखिएको 'पश्चात्ताप', 'अनौठा प्रश्न' कथालाई ऐतिहासिक घटनाको आधारमा तयार पारिएको भन्न सकिन्छ ।

आधुनिक कथाअन्तर्गत् समसामयिक युग जीवनका विविध पक्षहरूको उद्घाटन गरी युगीन चेतना र भावनाको उद्बोधन गराउने खालका कथालाई

आधुनिक कथाका रूपमा लिइएको पाइन्छ । यस पाठ्यपुस्तकमा यस्ता खाले कथा समावेश गरिएको पाइँदैन ।

नैतिक कथा अन्तर्गत पञ्चतन्त्रका कथा, सामाजिक कथा, नीति उपदेश दिने खालका कथा पर्दछन् । **मेरो नेपाली किताब**मा नैतिक कथाका रूपमा 'कर्मको फल', 'आँखाको ज्योति' रहेका छन् भने **नेपाली साहित्य वाटिका**मा 'मूर्ख बाख्रो', 'अज्ञानताको फल' कथा नैतिक कथा अन्तर्गत सामाजिक विषयवस्तुमा आधारित रहेर तयार गरिएका छन् ।

**ग) छनोट र स्तरणका आधारमा कथाहरूको तुलना**

भाषा शिक्षणका निमित्त पाठ्यक्रम तथा पाठ्यपुस्तक दुवैको भूमिका महत्वपूर्ण रहेको हुन्छ । प्राथमिक तहको पाठ्यक्रमले कथाको विधागत वर्गीकरण गरेको छैन । प्राथमिक तहका विद्यार्थीहरूलाई भाषाका आधारभूत सीप विकास गराउने उद्देश्य प्राथमिक तहको पाठ्यक्रमले राखेको छ । बाल कथाको माध्यमबाट बाल-बालिकामा सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको विकास गर्ने लक्ष्य प्राथमिक तहमा राखिएको छ । यसअन्तर्गत बालकथा, गाउँखाने कथा, चुट्किला समावेश गर्न प्राथमिक तहको पाठ्यक्रमले निर्देश दिएको छ । बाल कथा अन्तर्गत कक्षा पाँच को **मेरो नेपाली किताब**मा विभिन्न विषय क्षेत्रका जम्मा ६ वटा बालकथा समावेश गरिएको छ । यसअन्तर्गत 'प्रेरणा', 'कर्मको फल', 'आँखाको ज्योति' कथालाई नैतिक कथाका रूपमा, 'सबैभन्दा ठूला भक्त' र 'पश्चात्ताप' कथालाई पौराणिक कथाका रूपमा र 'अनौठा प्रश्न' कथालाई लोक कथाका रूपमा वर्गीकरण गर्न सकिन्छ । त्यस्तै **मेरो नेपाली किताब**मा १ चुट्किला र १० वटा गाउँखाने कथा समेत समावेश गरिएको छ ।

त्यसैगरी **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा जम्मा ६ वटा कथाहरू समावेश गरिएका छन् । कक्षा पाँच का विद्यार्थीहरूको बौद्धिक-मानसिक

स्तरअनुसार  कथाहरू छनोट गर्ने प्रयत्न गरिएको भएतापनि यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरू कक्षा पाँच का विद्यार्थीको बौद्धिक स्तरअनुरूप नरहेको देखिन्छ । प्रायः सबै कथाहरू वर्णनात्मक शैलीमा लेखिएको, विद्यार्थीहरूलाई नैतिक उपदेश दिने साथै मनोरञ्जन प्रदान गर्ने खालका कथा रहेको देखिन्छ । यस अन्तर्गत 'राजकुमारी जलजला', 'लोभको फल', 'मातृभूमिको माया', 'अज्ञानताको फल' कथाहरू रहेका छन् । भाषिका सीप सिकाउने भन्दा पनि बढी नैतिक उपदेश दिई मनोरञ्जन प्रदान गर्ने उद्देश्य उक्त कथाहरूको देखिन्छ ।

स्तरणका दृष्टिले पनि कक्षा पाँच को **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा समाविष्ट कथा **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समाविष्ट कथाका तुलनामा बढी उपयुक्त रहेका देखिन्छन् । बाल-बालिकालाई  भाषाका चारै सीपको विकास गराउनका लागि **मेरो नेपाली किताब**मा समाविष्ट कथाहरू सक्षम देखिन्छन् । **मेरो नेपाली किताब**मा सर्वप्रथम 'कर्मको फल' कथा समावेश गरिएको छ जुन सम्पूर्ण भाषिक सीप सिकाउनका लागि सक्षम छ । त्यसैगरी क्रमशः 'आँखाको ज्योति', 'अनौठा प्रश्न', 'प्रेरणा', 'सबैभन्दा ठूला भक्त' र 'पश्चात्ताप' कथाहरू रहेका छन्।

### घ)	पाठ्यक्रमका क्षेत्र र क्रमका दृष्टिले सम्बद्ध कथाहरूको तुलना

क्षेत्र भन्नाले विधामा समावेश हुने पाठहरू कुन कुन श्रोत वा विषयसँग सम्बन्धित रहेका छन् भन्ने बुझिन्छ भने क्रम भन्नाले तिनलाई कुनपछि कुन राख्ने भन्ने बुझिन्छ । कथा विधाको क्षेत्र निर्धारण गर्दा एक श्रोत विषयसँग सम्बन्धित कथाहरू पाठ्यक्रममा राखिए भने त्यसले निर्धारण गरेको उद्देश्य पूरा हुन सक्तैन । त्यसैले विविध क्षेत्रबाट विषयवस्तु सङ्कलन गर्नु सबल पाठ्यक्रमको महत्वपूर्ण विशेषता मानिन्छ । उपयुक्त क्षेत्रको समाधान भएर मात्र पुग्दैन साथमा तिनका उपयुक्त क्रमिकताको निर्वाह गर्न पनि त्यत्तिकै ध्यान दिनु पर्छ ।

उपयुक्त आधारमा कक्षा पाँच को **मेरो नेपाली किताब**मा समावेश गरिएका कथाहरूलाई हेर्दा उपयुक्त सन्तुलन मिलाई तिनलाई पाठ्यपुस्तकमा समायोजन गरिएको पाइन्छ । जस्तै कर्मको फल, आँखाको ज्योति दुवै नैतिक लोककथा हुन् । यी कथाबाट सम्पूर्ण भाषिक सीप विकास गराउन सकिन्छ । त्यसैगरी क्रमशः अनौठा प्रश्न, प्रेरणा, सबैभन्दा ठूला भक्त, पश्चात्ताप सम्पूर्ण कथाहरू विद्यार्थीलाई चारै भाषिक सीप विकास गराउनका लागि समर्थवान् देखिन्छन् ।

**नेपाली साहित्य वाटिका**मा समाविष्ट कथाहरूमा क्षेत्रअनुसार क्रम मिलेको देखिँदैन । बाल-बालिकालाई कथाको माध्यमबाट सम्पूर्ण भाषिक सीप सिकाउनुपर्नेमा यस पाठ्यपुस्तकका कथाहरू सक्षम छैनन् । पाठ्यक्रमको क्रमअनुसार सुनाइपछि बोलाइ, पढाइ र लेखाइ सीपको विकास गराउनु पर्ने हुन्छ तर सुनाइ र लेखाइ सीपलाई यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूले बेवास्ता गरेको देखिन्छ ।

# अध्याय चार

## निष्कर्ष र सुझावहरू

### ४.१ निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यक्रम अनुसार कक्षा पाँच को **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकालिएको छ ।

क) **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा कथालाई हेर्दा **मेरो नेपाली किताब** पाठ्पुस्तकमा ६ वटा कथा रहेका छन् भने **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा पनि ६ वटा नै समावेश गरिएको छ । यस कारण यी दुवैमा समानता रहेको छ ।

ख) पाठ्यक्रमको उद्देश्य प्रतिविम्बित हुने गरी पाठ्यपुस्तकमा पाठहरू चयन हुनुपर्छ । प्राथमिक तह भनेको भाषिक आधारशीलाको तह हो । यस तहमा विद्यार्थीहरूमा अनावश्यक बौद्धिक बोझ थप्नु भन्दा पनि मनोरञ्जनात्मक तरिकाले भाषिक सीपको विकास गराउनु उपयुक्त हुन्छ । **मेरो नेपाली किताब**मा समाविष्ट सम्पूर्ण कथाहरू सबैभाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) गराउन समर्थवान छ भने **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकले सुनाइ र बोलाइ सीपलाई कम प्राथमिकता दिएको पाईन्छ ।

ग) **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा ६ वटा बालकथाका साथै चुट्किला र गाँउखाने कथा समेत समावेश भएको देखिन्छ भने **नेपाली साहित्य**

**वाटिका**मा ६ वटा बालकथा बाहेक गाँउखाने कथा चुट्किला समावेश भएको देखिँदैन ।

घ) बोलाइ सीपको स्थितिलाई **मेरो नेपाली किताब**मा समावेश गरिएका कथाहरूमा संवाद शैलीमा निहित कथाहरू चारवटा रहेका छन् । यी कथाहरू बोलाइ सीप विकासमा प्रश्रय दिने खालका छन् । त्यस्तै **नेपाली साहित्य वाटिका**मा संवादात्मक शैलीमा लेखिएको पश्चात्ताप कथाले मात्र केही मात्रामा बोलाइ सीप विकासमा टेवा पुऱ्याएको देखिन्छ भने अन्य कथाहरू बोलाइ सीपबाट विमुख रहेजस्ता देखिन्छन् ।

ङ) **मेरो नेपाली किताब** र **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएका सबै कथाहरूबाट पढाइसीपको विकास गराउन सकिन्छ । साना कक्षाका निमित्त उपयुक्त मानिने सस्वर पठनलाई **मेरो नेपाली किताब**ले बढी प्रश्रय दिएको पाइन्छ भने **नेपाली साहित्य वाटिका**ले अपेक्षाकृत रूपमा कम प्रश्रय दिएको पाइन्छ ।

च) लेखाइ सीप विकासका लागि **मेरो नेपाली किताब**मा समावेश गरिएका कथा शिक्षणबाट लेखन सीप विकास गर्ने धेरै कार्यकलाप गराउन सकिन्छ । अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, स्पष्ट पार्ने, भाव विस्तार, व्याख्या गर्ने, वाक्य पूरा गर्ने जस्ता कार्यकलापलाई दुवै पाठ्यपुस्तकले समान स्थान दिएको पाइन्छ भने सिर्जनात्मक लेखन सीप विकास गराउन **मेरो नेपाली किताब**मा उल्लिखित कथाहरू सक्षम देखिन्छन् ।

छ) अभ्यासगत विविधताको दृष्टिले तुलना गर्दा **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश भएका कथाका नमुना अभ्यासमा भन्दा **मेरो नेपाली किताब**मा भएका कथाका नमुना अभ्यासमा प्रश्नहरू व्यवस्थित गरिएको देखिन्छ । सिर्जनात्मक अभ्यास पनि समावेश गरिएको छ । धेरै किसिमका प्रश्नहरू निर्माण

गरी भाषा सिकाइका धेरै पक्षलाई समेट्ने प्रयास गरेको देखिन्छ । **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा दिएका कथाहरूमा नमुना अभ्यासका लागि विविध तरिकाले भाषा सिकाइ गर्ने कार्यकलाप राखिएको छैन । शब्दको अर्थ लेख्ने, ठीक सँग उच्चारण गर्ने, शुद्ध गरी लेख्ने जस्ता अभ्यासहरू **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश गरिएको छनै । **नेपाली साहित्य वाटिका** भन्दा **मेरो नेपाली किताब** मा बोध र विचार नमुना अभ्यासबाट विद्यार्थीलाई बौद्धिक क्षमताको विकास हुनका साथै भाषिक सीप पनि विकास हुन्छ । त्यसकारण अभ्यासात्मक विविधताका दृष्टिले हेर्दा **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तक भन्दा **मेरो नेपाली किताब** पाठ्यपुस्तकका कथा बढी उपयुक्त देखिन्छ ।

ज) सीपगत हिसाबले अभ्यासको तुलना गर्दा भाषाका सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकासमा **मेरो नेपाली किताब** पाठ्यपुस्तकका कथामा समावेश भएका नमुना अभ्यासमा भाषाका सबै सीप विकास गर्ने किसिमका प्रश्नहरू समावेश भएको देखिन्छ तर **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासमा भाषाका सुनाइ, बोलाइ, पढाइ सीप भन्दा लेखाई सीपलाई बढी प्राथमिकता दिएको देखिन्छ । सीपगत हिसाबले पनि **मेरो नेपाली** किताबमा भएका नमुना अभ्यास **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकका नमुना अभ्यास भन्दा सक्षम देखिन्छन् । तथापि **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यास समावेश गरी छलफल गर्ने, सारांश लेख्ने, शुद्ध सँग उच्चारण गर्ने जस्ता क्रियाकलाप थप गरी भाषाका चारै सीपहरूलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन सकिने देखिन्छ । सिर्जनात्मक सीप विकास गर्ने अभ्यासको तुलना गर्दा **मेरो नेपाली किताबका** कथाहरूमा भएका नमुना अभ्यासलाई हेर्दा जम्मा सात वटा सृजनात्मक सीप विकास गर्ने खालका प्रश्नहरू दिएको छ । कथा भन्ने, कथा लेखेर सुनाउने, बुँदा हेरेर कथा निर्माण गर्ने, चित्र हेरेर वर्णन गर्ने गरी सृजनात्मक अभ्यासमा पनि विविधता अपनाइएको

देखिन्छ । **नेपाली साहित्य वाटिका**मा जम्मा तीनवटा सृजनात्मक सीप विकास गर्ने खालका प्रश्नहरू समावेश भएको देखिन्छ । एउटा चित्र हेरेर कथा लेख्ने र अरु दुइवटा चित्र हेरेर वर्णन गर्ने खालका सृजनात्मक अभ्यास **नेपाली साहित्य वाटिका**मा समावेश गरेको देखिन्छ । यस प्रकार विद्यार्थीको विविध क्षमताको लेखाजोखा गर्न सकिने सृजनात्मकताको मापन गर्न सकिने खालका प्रश्नहरू **नेपाली साहित्य वाटिका** भन्दा **मेरो नेपाली किताब**मा बढी भएकाले अभ्यासगत विविधताले पनि यसमा बढी भएकाले **नेपाली साहित्य वाटिका** भन्दा **मेरो नेपाली किताब**मा नमुना अभ्यास राम्रो देखिन्छ । **नेपाली साहित्य वाटिका**मा प्रत्येक कथामा कम्तीमा सृजनात्मक अभ्यास गर्ने खालको एउटा प्रश्न राखेमा राम्रो हुने देखिन्छ ।

झ) कनै पनि पाठ पढ्नुभन्दा पहिले त्यस पाठमा प्रयोग भएका शब्द र तिनको अर्थ विद्यार्थीलाई थाहा हुनुपर्छ । यदि शब्दार्थको  नै ज्ञान भएन भने पढाएको पाठको भावार्थ थाहा पाउन सकिँदैन । दुवै पाठ्यपुस्तकमा दिइएको शब्दार्थहरू पाठको अन्त्यमा मात्र राखिएको छ । सुरुमा पाठ पढी सकेपछि मात्र शब्दार्थको ज्ञान हुन्छ । अझ **मेरो नेपाली किताब**मा अप्ठयारा शब्दहरूको अर्थ सोझै नदिई जोडा मिलाउने गरी अभ्यासका रूपमा दिइएको छ । प्राथमिक तहका स-साना बालबालिकाका लागि उपयुक्त हुने गरी अप्ठयारा शब्दहरूको अर्थ पाठपूर्व नै राखिनुपर्नेमा सो हुन सकेको  छैन ।

## ४.२ सुझावहरू

प्रस्तुत अध्ययनका आधारमा कक्षा पाँच को नेपाली भाषा पाठ्यपुस्तकका कथाहरूलाई शिक्षणीय दृष्टिकोणले उपयुक्त बनाउन निम्न किसिमको सुझावहरू उपयोगी ठानिएको छ :

क)	नेपाल सरकार पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रद्वारा निर्धारित अनिवार्य नेपालीको कक्षा पाँच को पाठ्यक्रमका आधारमा तयार गरी राखिएको वर्तमान भाषा पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका पाठहरू पाठ्यक्रम अनुरूप हुनु पर्ने देखिन्छ ।

ख)	कक्षा पाँचको **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा जस्तै **नेपाली साहित्य वाटिका**मा पनि सुनाइ सीपमा मद्दत पुऱ्याउने बालकथाहरू समावेश गराउनुका साथै विभिन्न उखान टुक्काहरू समावेश भएका कथा राख्नुपर्छ ।

ग) बोलाइ सीप विकासका लागि संवादशैलीयुक्त कथाहरू जसमा निपात, विस्मयादिबोधक शब्द, उखान-टुक्का आदि जस्ता कुरा समावेश भएका कथा **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकराखिनुपर्छ ।

घ)	**नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकका कथा **हाम्रो नेपाली किताब**मा झैँ सस्वर पठनको कार्याकलाप गराउन सजिलो हुने कथाहरू राख्नुका साथै मौनपठन सीप विकासमा पनि जोड दिने कथा समावेश गर्नुपर्दछ ।

ङ)	लेखाइ सीप विकासका लागि **मेरो नेपाली किताब** पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूले राम्रै सहयोग पुऱ्याउने देखिएतापनि अझ यसका विविध पक्षीय सुधार गर्नु आवश्यकता छ ।

च)	अभ्यासगत विविधताका दृष्टिले हेर्दा **मेरो नेपाली किताब** कथामा राखिएका अभ्यास व्यवस्थित भएतापनि प्रत्येक कथाका पाठमा विषयगत प्रश्न पनि वस्तुगत प्रश्नलाई बढी प्राथमिकता दिनुपर्छ ।

छ)  भाषाका सबै सीपहरूलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन कथामा राखिएका अभ्यासव्यवस्थित भएतापनि प्रत्येक कथाका पाठमा विषयगत प्रश्न पनि वस्तुगत प्रश्नलाई बढी प्राथमिकता दिनुपर्छ ।

ज) भाषाका सबै सीपहरूलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन **मेरो नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकका कथामा भएका नमुना अभ्यासमा व्यापक विविधता ल्याउन आवश्यक छ ।

झ) सिर्जनात्मक अभ्यासात्मक प्रश्नहरू **मेरो नेपाली किताब**मा बढी रहेका छन् भने **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकमा कम रहेका छन् । **नेपाली साहित्य वाटिका** पाठ्यपुस्तकका सबै कथाका नमुना अभ्यासमा सिर्जनात्मक अभ्यास गराउने खालका प्रश्नहरू थप्नपर्ने देखिन्छ ।

ञ) भाषिक सीप विकासको क्षेत्र पढाइ, लेखाइलाई पाठ्यक्रम अनुरूप विभाजन गरिएको प्रतिशत मुताविक पाठ्यभारलाई **नेपाली साहित्य वाटिका**मा केही वृद्धि गर्नु सान्दर्भिक ठहर्छ ।

ट) पाठ्यवस्तुको छनोट र स्तरण विद्यार्थीको स्तर, रुचि, आवश्यकता, मातृभाषाको प्रभाव, देशको राष्ट्रिय उद्देश्य आदिलाई ध्यानमा राखेर गर्नुपर्छ ।

ठ) कथा पाठको लम्बाइ समानुपातिक हुनुपर्दछ । कथाहरूमा प्रयोग भएका शब्द वाक्य अनुच्छेद विद्यार्थीको स्तरअनुकुल हुनुपर्दछ ।

ड) प्रत्येक पाठको सुरुमा नै शब्दार्थ दिइनुपर्दछ ताकि विद्यार्थीलाई पाठ पढ्दा पाठमा प्रयोग भएका शब्द र तिनको अर्थ थाहा होस् ।

## परिशिष्ट :

### शिक्षाका राष्ट्रिय उद्देश्य

शिक्षाका राष्ट्रिय उद्देश्यहरू यसप्रकार छन् :

१. शिक्षाले प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा र ब्यक्तित्व विकासका संभावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको सम्बर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न पहिचान एवम् नैतिकवान नागरिक तयार गर्ने

३. स्थानीय, राष्ट्रिय स्तरका व्यवसाय, पेशा एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने ।

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने ।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने ।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने ।

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तद्अनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने ।

८. स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेश अनुकूल शान्ति, मैत्री सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तद्अनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने ।

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने समालोचनात्मक तथा रचनात्मक सोच भएका स्वाभिमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने ।

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, सम्बर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

**तहगत साधारण उद्देश्य :**

प्राथमिक तहको अध्ययन पूरा गरिसकेपछि नेपाली भाषामा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्नेछन् :

**क) सुनाइ सीप**

- विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोहीअनुसार गर्न ।
- कुनै विषयबस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन ।
- बालकथा, बालगीत, कविता, आदि आनन्द लिने गरी सुन्न ।

**ख) बोलाइ सीप**

- शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक गतिका साथ बोल्न ।
- देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन ।
- कुराकानी, छनफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

ग) **पढाइ सीप**

- नेपाली भाषामा लेखिएका सरल पाठ्सामग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न ।
- स-साना सूचना विवरण पढेर आशय बुझ्न ।
- सरल बालसाहित्यका रचनाहरू रुचि लिई पढ्न ।

घ) **लेखाइ सीप**

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न ।
- देखे-सुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न ।
- आफ्ना अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न ।

**तहगत साधारण उद्देश्यको विश्लेषण :**

प्राथमिक तहमा जम्मा १२ वटा साधारण उद्देश्यहरू राखिएका छन् । बाह्रवटा साधारण उद्देश्यले सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरेर चारैवटा भाषिक सीपहरूलाई तीन-तीन बुँदामा प्रत्येक भाषिक सीपलाई जोड दिएको छ । भाषाका प्रत्येक सीपहरूलाई उत्तिकै प्राथमिकता दिइएको छ ।

कक्षा पाँच को नेपाली भाषाको विशिष्ट उद्देश्यहरू :

१. निर्देशन तथा अनुरोध सुनेर पालना गर्न ।
२. आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन ।
३. विशेष परिवेशमा भएका कुराकानी छलफल, वर्णन सुनेर प्रतिक्रिया दिन ।
४. आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन ।
५. विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन ।

६. संयुक्त वर्ण भएका शब्दहरूको उच्चारण गरी स्वाभाविक गतिमा बोल्न ।

७. शिष्टाचारका शब्द प्रयोग गरी बोल्न ।

८. सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न ।

९. उपयुक्त विषय र प्रसङ्गमा हाउभाउसहित संवाद, अभिनय र उद्घोषण गर्न

१०. गति, यति र लय मिलाई गीत, कविता भन्न ।

११. आफूले जानेका बालकथा, गाउँखाने कथा र चुट्किला भन्न ।

१२. गति, गति लय र भाव मिलाई पढ्न ।

१३. पोष्टर भित्ते पात्रो, हस्तलिखित र विज्ञापनका सामग्री आदि पढ्न ।

१४. चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न ।

१५. बाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न ।

१६. चित्र र अन्य उपयुक्त विषयबस्तुको लिखित वर्णन गर्न ।

१७. हिज्जे मिलाएर शब्द लेखन ।

१८. शुद्ध र सफासँग अनुलेखन गर्न ।

१९. सरल अनुच्छेदको श्रुतिलेखन गर्न ।

२०. निर्देशनका आधारमा र स्वतन्त्र रूपमा रचना तयार तयार गर्न ।

२१. पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्धरण र विस्मयादिबोधक चिन्हको प्रयोग गर्न ।

२२. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न।

२३. सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यत्काल प्रयोग गरी बोल्न र लेख्न ।

२४. शब्दभण्डार बृद्धि गर्न ।

**विशिष्ट उद्देश्यहरूको विश्लेषण :**

प्राथमिक तहअन्तर्गत कक्षा पाँच मा राखिएका विशिष्ट उद्देश्यहरू जम्मा २४ वटा छन् । यी चौबीसवटा उद्देश्यहरूमध्ये एकदेखि पाँच बुँदासम्म जम्मा ५ वटा बुँदाले सुनाइ सीपलाई जोड दिएका छन् । ६,७,८,९,१० र ११ गरी जम्मा ६ वटा बुँदाहरूले बोलाइ सीपलाई प्राथमिकता दिएको पाइन्छ । १२, १३, १४, १५ गरेर जम्मा ४ वटा बुँदाले पढाइ सीपलाई जोड दिएका छन् । १६, १७, १८,१९,२० र २१ गरी जम्मा ६ वटा बुँदाहरूले लेखाइ सीपलाई प्राथमिकता दिएको देखिन्छ । कार्यमूलक व्याकरणअन्तर्गत जम्मा तीनवटा बुँदाहरू रहेका छन् जसले बोलाइ र लेखाइ सीपलाई जोड दिएका छन् ।

कक्षा पाँच का विशिष्ट उद्देश्यहरूलाई यसप्रकार आरेखमा देखाउन सकिन्छ :

| भाषिक सीपका क्षेत्र | पाठ्यभार | जोड दिइएका बुँदा |
|---|---|---|
| सुनाइ | ३८ घण्टी | १ देखि ५ सम्म गरी ५ वटा बुँदा |
| बोलाइ | ३८ घण्टी | ६ देखि ११ सम्म गरी जम्मा ६ वटा बुँदा |
| पढाइ | ७७ घण्टी | १२ देखि १५ सम्म गरी जम्मा ४ वटा बुँदा |
| लेखाइ | ९० घण्टी | १६, १७, १८, १९, २०, २१ गरेर ६ वटा बुँदा |
| कार्यमूलक व्याकरण | १३ घण्टी | २२, २३, २४ गरेर ३ वटा बुँदा |

यसप्रकार कक्षा पाँच मा भाषिक सीप विकासको क्रमिकतालाई ध्यान दिँदै क्रमशः सुनाइ बोलाइ, पढाइ, लेखाइ सीपलाई प्राथमिकता दिएको छ । कक्षा पाँच प्राथमिक तहको उच्च कक्षा भएकाले यो कक्षामा भाषाका सुनाइ, बोलाइ, पढाइलाईभन्दा लेखाइ सीपलाई बढी जोड दिनुपर्ने हुन्छ र प्राथमिक तहको पाठ्यक्रमका उद्देश्यहरूले भाषाका अन्य सीपहरूभन्दा लेखाइ सीपलाई नै बढी प्राथमिकता दिएको पाइन्छ ।

## क्षेत्र र क्रम तालिका

| क्षेत्र | कक्षा-४ | कक्षा-५ |
|---|---|---|
| सुनाइ | -निर्देशन<br>-प्रश्नोत्तर, कुराकानी, छलफल,<br>-बालगीत, कथा<br>-विद्युतीय सञ्चार साधनका कार्यक्रम आदि | -निर्देशन अनुरोध<br>-प्रश्नोत्तर, कुराकानी, छलफल वर्णन<br>-बालगीत, कथा<br>-विद्युतीय सञ्चार साधनका कार्यक्र आदि |
| बोलाइ | - स्वाभाविक बोलाइ<br>-शिष्टाचार शब्द<br>- प्रश्नोत्तर, कुराकानी, छलफल, सोधपुछ , वर्णन, संवाद, अभिनय<br>- बालगीत, बालकथा, गाउँखाने कथा, चुट्किला आदि | - स्वाभाविक बोलाइ<br>-शिष्टाचार शब्द<br>-प्रश्नोत्तर, कुराकानी, सोधपुछ छलफल वर्णन, संवाद, अभिनय उद्घोषण<br>-बालगीत, बालकथा, गाउँखाने कथा, चुट्किला |
| पढाइ | -साधारण सूचना, विवरण, चिठ्ठीपत्र,<br>-समाचार<br>-पोष्टर , भित्तेपात्रो<br>-सरल बालसाहित्य आदि | -साधारण सूचना, विवरण, चिठ्ठीपत्र,<br>-निवेदन, समाचार<br>-पोष्टर , भित्तेपात्रो<br>-सरल बालसाहित्य आदि |
| लेखाइ | -चिठी र वस्तुको वर्णन<br>-अनुलेखन<br>-हिज्जे<br>- श्रुतिलेखन<br>-निर्देशित रचना<br>-स्वतन्त्र रचना<br>-चिह्नको प्रयोग | - चिठी र वस्तु तथा अनुभवको वर्णन<br>-अनुलेखन<br>-हिज्जे<br>- श्रुतिलेखन<br>-निर्देशित रचना<br>-स्वतन्त्र रचना<br>-चिह्नको प्रयोग |
| कार्यमूलक व्याकरण | -पद सङ्गति<br>- क्रियाका काल | -पद सङ्गति<br>- क्रियाका काल |